# शिक्षक निर्देशिका नैतिक शिक्षा

# कक्षा ७

शिक्षा मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

नेपाल

# नैतिक शिक्षा

कक्षा सात

शिक्षक निर्देशिका

२०७४

DRAFT

नेपाल सरकार

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकार केन्द्र

**एकाइ एक : चारित्रिक विकास**

पाठ : एक

# देवीरामले देखाएको बाटो

१. **उद्देश्य / सिकाइ उपलब्धि** अनुमानित घन्टी : ६

| पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य/सक्षमता | सिकाइ उपलब्धि |
|---|---|
| - चरित्र विकासको नमुना प्रस्तुत गर्न<br>- सोअनुसार व्यवहार गर्न | - प्रतिकुल अवस्थामा पनि असल उद्देश्य राखी धैर्यपूर्वक काम गर्न<br>- सामूहिक भावना लिई निरन्तर काममा सक्रिय रहन<br>- अवसरलाई सदुपयोग गर्न र अनुकरणीय चरित्रको विकासका लागि प्रेरित हुन |

२. **पाठ परिचय**

इमानदारीपन मानिसको ठुलो गुण हो । इमानदार र लगनशील मानिसलाई सबैले मन पराउँछन् । इमानदारीपनले व्यक्तिलाई सबैको प्रिय बनाउँछ । व्यक्ति लगनशील भएर कर्तव्य पथमा हिड्यो भने मात्र सफलताको शिखर छुन सक्छ । मानिस मानिसमा भेदभाव नगरी सबैलाई समान दृष्टिले हेर्ने र दीन दुःखी तथा अशक्त र असहायको सेवा गर्ने अनि सार्वजनिक भलाइका काम गर्ने मानिसलाई सबैले मन पराउँछन् । स्वच्छ भावनाले समाजसेवा गर्ने मानिसको जीवन मात्र सफल जीवन मानिन्छ । मानिस दुःखमा आत्तिनु र सुखमा मात्तिनु हुँदैन । दुःख परेका बेला विचलित नभई असल काम गर्नेको जीवन नै अनुकरणीय हुन्छ । यही भावना राखी अघि बढ्यौँ भने हामी पनि देवीराम जस्तै असल मानिस हुन सक्छौँ र सबैको प्रिय बन्न सक्छौँ ।

***सकारात्मक विचार र व्यवहारले मानिसलाई असल मानिस बनाउँछ । हामीले पनि सकारात्मक विचार र व्यवहारका माध्यमबाट असल मानिस बन्न कोसिस गर्नुपर्छ ।***

३. **शैक्षणिक सामग्री**

(क) सामाजिक सेवाका कामहरूको सूची

(ख) समाज सेवाका काम गर्दै गरेको पोस्टर

(ग) असहाय बाल बालिकालाई सहयोग गरिरहेको चित्र

(घ) समाजसेवी व्यक्तित्वको पोस्टर

DRAFT

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) कक्षा सुरु गर्नु अघि कम्तीमा १ देखि बढीमा ३ मिनेटसम्म विद्यार्थीहरूलाई मौन बस्न प्रेरित गर्नुहोस् । त्यसरी मौन बस्ता हलुका किसिमले आँखा बन्द गर्न र लामो सास फेर्न निर्देशन दिनुहोस् । यस काममा अभ्यस्त हुन विद्यार्थीहरूले आफूलाई मनपर्ने कुनै देवी देवताको स्मरण गर्न पनि सक्ने छन् । यसरी मौन बस्ने अभ्यासले विद्यार्थीहरूमा धैर्य धारण गर्ने सिप विकसित हुन्छ भनी बुझाउनुहोस् ।

(ख) कक्षाका विद्यार्थीहरूलाई सामाजिक सेवाका कार्यहरू के के हुन् ? भनी सोध्नुहोस् र आएका उत्तर बोर्डमा टिपोट गर्नुहोस् । सबै विद्यार्थीहरूले देख्ने गरी सामाजिक सेवाका कामहरूको सूची टाँस्नुहोस् र सबै विद्यार्थीलाई पढ्न निर्देश गर्नुहोस् । उनीहरूको बुझाइ र शिक्षकले तयार पारेको सूचीसँग कति मिल्यो तुलना गर्न लगाउनुहोस् । त्यसमा तपाईंले निम्नानुसारका कामहरूको सूची तयार गर्न सक्नु हुने छ :

- खोप सेवा
- प्रौढ शिक्षा
- स्वास्थ्य सेवा
- बाटोघाटो र खानेपानी
- वृद्ध तथा असहायहरूलाई सहयोग
- बाल हेरचाह र सहयोग
- पाटीपौवा धारा, मन्दिर, धर्मशाला

(ग) तपाईंले प्रस्तुत गर्नुभएको सूचीमा उल्लिखित कामहरू कस कसबाट कसरी गरिन्छन् र ती कामहरूबाट सेवा लिनेले कस्तो महसुस गर्छन् ? साथै सेवा दिनेप्रति सवै साधारणको (सेवा ग्राहीको) धारणा कस्तो हुन्छ ? यस विषयमा छलफल गराउनुहोस् । छलफल गराउँदा पाँच वा छ जनाको समूह बनाई छलफल गराउनुहोस् र प्रत्येक समूहलाई छलफलको निष्कर्ष भन्न लगाउनुहोस् । यस क्रियाकलापमा सहभागी हुन नपाएका विद्यार्थीलाई अर्को दिनको क्रियाकलापमा सहभागी गराउनुहोस् ।

(घ) मानिसहरू समाजसेवामा संलग्न भइरहेको जानकारी दिने कुनै पोस्टरहरू देखाउनु होस् । पोस्टरमा देखिने क्रियाकलापको वर्णन गर्न लगाउनुहोस् । लेखाइका क्रममा कसबाट कसले कस्तो सेवा प्राप्त गरे अनि त्यस पोस्टरको अवलोकनपछि तिमीले कस्तो विचार बनायौ ? यी सबै विषयसँग सम्बद्ध भएर लेख्न लगाउनुहोस् र सकेसम्म सबैको पालो पुग्ने गरी अगाडि आएर भन्न प्रोत्साहित गर्नुहोस् । राम्रो लेखेका विद्यार्थीलाई स्याबासी र थोरै मात्र लेखेका विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

सडक बाल बालिकाको अवस्था झल्कने चित्र

DRAFT

(ङ) सडक बाल बालिकाहरूको अवस्था झल्किने चित्र प्रस्तुत गर्नुहोस् र ती बाल बालिकाको आवश्यकतामाथि छलफल गराउनुहोस् । कक्षामा रहेका विद्यार्थीहरूले सडक बालबालिकाप्रति कस्तो दृष्टिकोण बनाए ? र ती विद्यार्थीहरूले भविष्यमा सडक बाल बालिकाको हितका निम्ति के कस्ता काम गर्छन् ? राय सङ्कलन गर्नुहोस् र सबै समक्ष प्रस्तुत गर्नुहोस् ।

(च) स्थानीय स्तरमै पनि समाजसेवामा समर्पित मानिसहरू हुन सक्छन् । विद्यार्थीलाई त्यस्ता मानिसको नाम र उनीहरूले गरेका कामको उल्लेख गर्न लगाउनुहोस् । ती कामका माध्यमबाट उनीहरूले कस्तो प्रशंसा पाएका छन् छलफल गराई निष्कर्ष भन्न लगाउनुहोस् ।

(छ) राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समाजसेवा गरी ख्याती कमाएको कोही त्यस्ता विशिष्ट व्यक्तिको चित्र प्रदर्शन गर्नुहोस् । ती व्यक्तिले के कस्ता कार्यमा योगदान पुऱ्याएका छन् ? आवश्यक छलफल गराउनु होस् र विद्यार्थीलाई समाजसेवी बन्न उत्प्रेरित गर्नुहोस् ।

***(यहाँ तपाईंले दयावीर सिँह कंड्साकार, अनुराधा कोइराला र मदर टेरेसा जस्ता समाज सेवीहरूका चित्र प्रस्तुत गर्न सक्नुहुने छ र उनीहरूले आफ्नो सोचलाई मूर्त रूप दिन सङ्घर्ष गर्नु परेका कुरा बताउन सक्नुहुने छ । असल काम गर्दा अवरोधहरू आउन सक्छन् । धीर भएर ती अवरोधहरूको सामना गर्नुपर्छ र असल मानिस बन्ने प्रयास गर्नुपर्छ । असल मानिसलाई मात्र सबैले माया गर्छन् र सम्मान पनि गर्छन् भनी विद्यार्थीहरूको चरित्र असल बनाउने कार्यमा प्रोत्साहन गर्नुहोस् ।)***

(ज) "देवीरामले देखाएको बाटो" पाठ मौन वाचन गराउनुहोस् र देवीरामले गरेका कामको सूची तयार गर्न लगाउनुहोस् । देवीरामको कामबाट विद्यार्थीले पाएको प्रेरणा र समाजसेवाप्रतिको विद्यार्थीको सोच व्यक्त गर्न लगाउनुहोस् ।

झ) तलको प्रेरक प्रसङ्ग विद्यार्थीहरूलाई सुनाउनुहोस् ।

भारतको तामिलनाडुमा कुनै एउटा परिवारको बसोबास थियो । त्यस परिवारमा आमा छोरा दुई जना मात्र थिए । आमाले छोरालाई जहिले पनि महात्मा गान्धी जस्तै आदर्श व्यक्ति बन्न प्रेरित गर्थिन् । छोराको उद्देश्य पनि आफू सफल मानिस बनेर गरिब दुःखीको सेवा गर्न पाऊँ भन्ने नै थियो । तर तिनका घरमा टुकी बाल्न मट्टीतेल किन्ने पैसा सम्म थिएन । त्यस्तो अवस्थामा ती बलक  सडकको बत्तीमुनि बसेर पढ्ने गर्न थाले । बिहान बेलुकी हात मुख जोड्ने पैसा नभएर कति छाक त उनी भोक भोकै पनि बसेका थिए ।

अटल आत्मविश्वास र अटुट प्रयासका कारण उनले कानुन विषय लिई विशिष्ट श्रेणीमा उच्च शिक्षा प्राप्त गरे । समयक्रमसँगै अदालतमा आफूभन्दा अग्रज धेरै वकिलहरूसँग उनले काम गरे । जीवनमा आएका दुःख कष्टलाई उनी ईश्वरले आफ्नो परीक्षा लिएको ठानी धैर्य गर्थे र दुःख कष्टको सामना गर्थे । परिणाम स्वरूप उनको जीवनमा ठुलो परिवर्तन आयो । उनी मद्रास उच्च न्यायालयका न्यायाधीश पदमा नियुक्त भए

DRAFT

परिश्रम, उत्साह, साहस, धैर्य र लगनशील स्वभावले मानिसलाई उच्च प्रतिष्ठा प्राप्त गराउँछ । गरिबीको चरम सीमाबाट उठेर यो सफलता पाउने ती व्यक्ति थिए : टी मुथुस्वामी अय्यर ।

साभार : सत्यदीप, वर्ष २० : अङ्क ४ पृ. ५

(ञ) माथिको प्रेरक प्रसङ्गबाट विद्यार्थीले के बुझे होलान् ? परस्पर छलफल गराई निष्कर्ष भन्न प्रोत्साहित गर्नुहोस् । आवश्यक परे सहयोग पनि गर्नुहोस् ।

**५. मूल्याङ्कन**

निर्धारित उद्देश्य पूरा गर्न विद्यार्थीहरूले के कस्ता कुराहरू सिके ? मूल्याङ्कन गर्नुहोस् :

क) कस्ता कामलाई समाजसेवा भनिन्छ ?

ख) कस्ता मानिसहरू समाजमा प्रिय हुन्छन् ?

ग) तिम्रो गाउँ/टोलमा कस्तो सामाजिक काम गर्न आवश्यक छ ? त्यो काम कसरी गर्न सकिन्छ ?

ङ) कुनै नेत्रविहीन मानिस बाटोमा अलमलिएको देख्यौ भने तिमी के गर्छौ ?

च) आफूभन्दा साना बालबालिकालाई असल बनाउन तिमी के गर्न सक्छौ ?

**६. गृहकार्य**

क) पाठका अन्तमा दिइएको अभ्यास गर :

(शिक्षक : गृहकार्य गरेको उत्तर पुस्तिका परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् :)

नोट : ***उपर्युक्त क्रियाकलापहरू नमुना मात्र हुन् । यस पाठको उद्देश्य प्राप्तिमा प्रभावकारिता ल्याउन तपाईंले यस्ता अन्य क्रियाकलाप पनि गर्न गराउन सक्नुहुने छ । तपाईंको विद्यालय सुविधा सम्पन्न छ भने उपलब्ध भएसम्मका श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गर्न सक्नुहुने छ, जसले असल चरित्र निर्माणमा सहयोग पुऱ्याऊन् ।***

DRAFT

पाठ : दुई

# धर्मको साझा सार

**१. उद्देश्य / सिकाइ उपलब्धि** अनुमानित घन्टी : ५

| पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य /सक्षमता | सिकाइ उपलब्धि |
|---|---|
| - मानवीय आचरणका सम्बन्धमा धर्मका साझा सार बताउन<br>- धर्मको सारलाई व्यवहारमा उपयोग गर्न | - धर्मका साझा मूल्य मान्यताको पहिचान गर्न र तिनलाई व्यवहारमा उतार्न<br>- धार्मिक सहिष्णुता कायम गर्ने कार्यमा सहयोग पुऱ्याउन |

**२. पाठ परिचय**

नेपाल बहुधार्मिक देश हो । यहाँ विभिन्न धर्मावलम्बीहरूको बसोवास छ । सबै धर्मावलम्बीका आफ्नै धर्मग्रन्थहरू छन् । तिनै ग्रन्थहरूले गरेको निर्देशअनुसार सबै धर्मावलम्बीहरूको जीवन पद्धति विकसित भएको छ । सबैका धर्म ग्रन्थहरूले सहयोग, मानवीय सद्भाव र परोपकारमा जोड दिएका छन् । धर्म, संस्कृति र अलग अलग वेशभूषा भए पनि सबै मानिसले मान्ने धर्मको सार समान (एउटै) छ । सबै धर्मले सत्य, सद्व्यवहार, दया, शान्ति, प्रेम र अहिंसालाई महत्त्व दिएका छन् । वास्तबमा धर्म भनेको धारण गर्ने काम पनि हो । हामीले पहिले त असल विचार धारण गर्नु (लिनु) पर्छ । असल विचार लिनेले असल व्यवहार गर्छ । असल व्यवहारबाटै विश्व बन्धुत्वको भाव जागृत हुन्छ । हरेक व्यक्तिको व्यवहार असल हुने हो भने मानव मानवबिचको अशान्ति, अविश्वास र वैमनस्य हटेर जाने छ । सबै धर्मले मानव आत्मालाई नै सर्बोच्च तत्त्व स्वीकारेका छन् । त्यसैले एक धर्मावलम्बीले अन्य धर्मावलम्बीलाई समान दृष्टिले हेर्ने र सबैमा समभाव कायम गर्ने हो भने जीवन सुन्दर, शान्त र समृद्ध बन्ने छ । यही शान्ति र समृद्धिका लागि सबै धर्म र संस्कृतिका मूल्य मान्यतालाई सम्मान गर्नुपर्छ ।

| |
|---|
| सबै धर्मको लक्ष्य वा उद्देश्य एउटै छ । सबैले सबैका धर्म र संस्कृतिको सम्मान गरेमा धार्मिक सहिष्णुता बढ्छ । धार्मिक सहिष्णुताबाटै भाइचाराको व्यवहार बढाउन सकिन्छ । परिणाम स्वरूप विश्व शान्तिको जग बलियो हुन्छ र मानव जीवन सुखी र शान्त बन्छ । ( एकं सत् विप्र बहुधा बदन्ति अर्थात सत् एक, नाम अनेक, तत्व एक रूप अनेक ) |

**३. शैक्षणिक सामग्री**

(क) प्रमुख धर्म र तिनका उद्देश्य समेटिएको वृक्षचित्र

(ख) प्रमुख धर्मको सार समेटिएको तालिका

DRAFT

(ग) धर्मावलम्बीहरूका असल कार्य झल्काउने पोस्टर

४. **(सिकाइ सहजीकरण क्रियाकलाप**

(शिक्षकले समस्या देखाइ दिनुहोस्, विद्यार्थीलाई समाधान खोज्न लगाउनुहोस्)

(क) कक्षा सुरु गर्नुअघि कम्तीमा एक देखि बढीमा ३ मिनेटसम्म विद्यार्थीहरूलाई पहिले भनिए झैं मौन बसाइका लागि प्रेरित  गर्नुहोस् ।

ख) विद्यार्थीहरूलाई पालैपालो असीम, पेमा, हमिद र योगेन्द्रका रूपमा रही संवाद गर्न लगाउनुहोस् : अरू विद्यार्थीलाई पाठ्यपुस्तक हेर्दै संवाद सुन्न लगाउनुहोस् ।

(ग) संवादपछि विद्यार्थीहरूलाई मौन वाचन गर्न निर्देशन दिनुहोस् र उक्त चार जना विद्यार्थीले भनेको धर्मको साझा सारको सूची तयार गर्न लगाउनुहोस् ।

घ) विद्यार्थीले तयार पारेको धर्मको साझा सारको सूची पालैपालो पढ्न लगाउनुहोस् र कुनै कुरा छुटेको भए स्वयम् भनी दिनुहोस् :

ङ) वृक्षका जरामा धर्मको नाम र पातहरूमा ती धर्मका साझा सार लेखिएको वृक्षचित्र प्रस्तुत गर्नुहोस् । पाठ्यपुस्तकको वृक्षचित्रमा कुनै स्थानीय धर्मको नाम छुट्न गएको भए त्यो नामसमेत राखी चित्र तयार गर्नुहोस् र ती धर्मको साझा सारका रूपमा आएका शब्दको अर्थ पहिले विद्यार्थीलाई सोध्नुहोस् । कुनै विद्यार्थीले राम्ररी उत्तर भन्न सके सबैलाई त्यही उत्तर सुनाइ दिनुहोस् विद्यार्थीले भन्न नसके आफैँले अर्थ स्पष्ट पारी विद्यार्थीलाई बुझाउनुहोस्, **जस्तै :**

**दान =** असक्त र अभावमा परेका मानिसहरूलाई क्षमता हुनेले दिएर सहयोग गर्ने काम

**परोपकार =** अरूको भलाइका लागि गरिने काम आदि ।

(नोट : यसरी अर्थ दिँदा कुनै उदाहरण पनि प्रस्तुत गर्न सक्नुहुने छ ।)

जस्तै : गाईले दुध, वृक्षले फल र कतिपय दाता तथा दातृ संस्थाहरूले आवश्यक परेका ठाउँमा खानेपानी, बाटोघाटो, विद्यालय भवन आदि निर्माण गरेर अरूको भलाइ हुने काम गरिरहेका हुन्छन् ।)

(च) वृक्षचित्रका माध्यमबाट सबै धर्मको सार बुझाइसकेपछि धर्मको सार के रहेछ ? भनी पारस्परिक छलफल गराउनुहोस् र पालैपालो धर्मको सार भन्न प्रोत्साहित गर्नुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् :

(छ) मन्दिर, मस्जिद, गुम्बा वा अन्य कुनै धार्मिक संस्थामा सहयोग गरिँदै गरेका पोस्टर प्रस्तुत गर्नुहोस् र ती पोस्टरमा के गरिँदै छ भनी छलफल गराउनुहोस् । छलफलबाट आएको निष्कर्षलाई अनुच्छेदमा लेख्न लगाई पालैपालो भन्न लगाउनु होस् आवश्यकताअनुसार पृष्ठपोषण पनि प्रदान गर्नुहोस् ।

DRAFT

(ज) हरेक धर्मको सार लेखिएको तालिका प्रस्तुत गर्नुहोस् । (पाठ्यपुस्तकको तालिकामा भएको बाहेक अन्य धर्म मान्ने विद्यार्थी भए त्यस विद्यार्थीको धर्मको नामसमेत तालिकामा समावेश गराउनुहोस् र आआफ्ना धर्मको सार के रहेछ भनी विद्यार्थीलाई अध्ययन गर्न लगाउनुहोस् ।)

(झ) विद्यार्थीहरूले आआफ्ना धर्मको सार अध्ययन गरिसकेपछि अन्य धर्मसँग आफ्ना धर्मका सारको तुलना गर्न लगाउनुहोस् ।

(ञ) विद्यार्थीहरूले सबै धर्मका सारको तुलना गर्दा सबै धर्मको सार एउटै भएको निष्कर्ष निकाल्ने छन् । कुनै विद्यार्थीले निष्कर्ष निकाल्न नसकेको अवस्थामा आवश्यक सहयोग गर्नुहोस् ।

(ट) धर्मको साझा सारलाई व्यवहारमा उपयोग गर्न सके के कस्ता उपलब्धिहरू हासिल हुन सक्छन् ? यस प्रश्नमाथि छलफल गराउनुहोस् । छलफलबाट "सबै धर्मको सार एउटै हो ।" "सबै धर्मले दया, दान, परोपकार जस्ता उपकारी कार्यमा जोड दिएका छन् ।" "यस्ता कार्यले परस्परमा भाइचाराको व्यवहार बढ्छ ।" परिणाम स्वरूप मानवले सुख शान्तिको अनुभूति गर्छ । "हामी सबैले सबै धर्मको सार ग्रहण गरी त्यसलाई व्यवहारमा उपयोग गर्नुपर्छ र जीवन सुखी बनाउनुपर्छ ।" भन्ने निष्कर्ष निस्कन्छ । त्यसरी निष्कर्ष निकाल्न विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् ।

(ठ) आजदेखि तिमी आफ्नो धर्मका कुन कुन कुरालाई व्यवहारमा उतार्छौ भनी पालैपालो प्रश्न गर्नुहोस् । आवश्यकताअनुसार उत्तर भन्न प्रोत्साहितसमेत गर्नुहोस् ।

(ड) विद्यार्थीलाई सबै धर्मका साझा सारको सूची बनाई कक्षामा प्रस्तुत गर्न र ती सारलाई व्यवहारमा उतार्न प्रेरित गर्नुहोस् ।

(ढ) नेपाल विश्वमै धार्मिक समन्वय र सहिष्णुताका लागि प्रसिद्ध देश हो भन्ने विषयमा संवाद गर्न लगायनुहोस् ।

**५. मूल्याङ्कन**

(क) तलका प्रश्नको उत्तर लेख :

(अ) धर्मका साझा सारहरू के के हुन् ?

(आ) तिमीले बुझेको धर्मका सारलाई तिमी कसरी व्यवहारमा उपयोग गर्छौ ?

(इ) धर्मका साझा सारहरूले के कुरामा जोड दिन्छन् ?

(ई) तिम्रो भन्दा फरक धर्म मान्ने कुनै मानिसलाई भेट्यौ भने तिमी उससँग कस्तो व्यवहार गर्छौ ?

**६. गृहकार्य**

(क) तलका प्रश्नको उत्तर लेख :

धार्मिक मानिसहरूको आचरण कस्तो हुनुपर्छ ? अभिभावकसँग छलफल गरी लेख :

(ख) पाठ्यपुस्तकमा दिइएको अभ्यास गर :

अभ्यास गराउनुहोस्, परीक्षण गर्नुहोस् र आवश्यकताअनुसार सुझाव दिई असल चरित्र निर्माण गर्न उत्प्रेरित बनाउनुहोस् ।

DRAFT

नोट : *यी क्रियाकलापहरू नमुना मात्र हुन् । शिक्षणलाई प्रभावकारी बनाउन र निर्धारित उद्देश्य प्राप्त गर्न तपाईंले यस्तै अन्य क्रियाकलापहरू पनि गर्न गराउन सक्नुहुने छ । उपलब्ध श्रव्यदृष्य सामाग्रीको प्रयोग गर्न सक्नुहुनेछ । गीत, भजन, प्रार्थना गराउन सक्नुहुने छ ।*

DRAFT

पाठ : तिन

# सबै मिलौँ

**१. उद्देश्य / सिकाइ उपलब्धि** अनुमानित घन्टी : ४

| **पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य /सक्षमता** | **पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा सिकाइ उपलब्धि** |
|---|---|
| - धार्मिक र सामाजिक आचरणको समन्वय गर्न | - परिवार र समाजमा सन्तुलन एवम् समन्वय कायम गरी पारस्परिक मेलमिलाप बढाउन<br>- सबैप्रति उदार र सहनशील भई व्यवहार गर्न र सभ्य समाज निर्माणमा सहयोग पुऱ्याउन<br>- समन्वयपूर्ण समाजका फाइदा भन्न र तदनुरूप आचरण गर्न<br>- व्यक्ति व्यक्तिबिच भेदभाव नगर्न |

**२. पाठ परिचय**

पारस्परिक मेलमिलाप नै सामाजिक विकासको मेरुदण्ड हो । आपसी मेलमिलापले समाजलाई एकताको सूत्रमा आबद्ध गर्दछ । समाजका हरेक सदस्यबिच समन्वय हुन सक्यो भने मेलमिलापको स्थिति अझ सुदृढ बन्छ । मेलमिलापले सामाजिक संरचनालाई सुदृढ बनाउँछ । चिनी, पानी, मरिच र अमिलो जस्ता विविध पदार्थको कुशल संयोजनले मिठो सर्बत तयार भएझैं समाजका सबै सदस्यबिचको समन्वयले समाज सुन्दर बन्छ । विभिन्न जाति, धर्म, वर्ण र व्यवसायका मानिसहरूको उदारता र सहनशीलताले जीवनलाई सुन्दर बनाउँछ । तिनै गुणहरूले मात्र जीवनमा शान्ति दिन सक्छन् । सुख र शान्तिका लागि समदर्शी हुनुपर्छ, सकारात्मक सोच राख्नुपर्छ र समान व्यवहार गर्नुपर्छ । स्वस्थ रहन सन्तुलित आहारको अपेक्षा गरिएझैँ सामाजिक सन्तुलन कायम गर्न मानवीय गुणहरूको भूमिका महत्त्वपूर्ण छ । तिनै गुणहरूले सामाजका हरेक सदस्यलाई समन्वय गर्न सक्छन् । मानवीय गुणहरूको संवर्धनबाट विश्व एक परिवारमा आबद्ध हुनसक्छ त्यसैले व्यक्तिदेखि विश्व संरचनालाई सुन्दर बनाउन सबै मिल्नु आवश्यक छ ।

| |
|---|
| आजको विश्व समुदायलाई मानवीय भावनाको खाँचो छ । धैर्य, परोपकार र क्षमा जस्ता मानवीय गुणहरूले जीवनलाई सुवासित बनाउँछन् । जीवनलाई सुन्दर र सुवासित बनाउन धार्मिक र सामाजिक समन्वयको भूमिका महत्त्वपूर्ण हुन्छ । |

DRAFT

## ३. शैक्षणिक सामग्री

(क) सबै मिलेर काम गरिरहेको चित्र,

(ख) समन्वय गरी काम गर्दा हुने फाइदाहरूको सूची,

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(विद्यार्थी सहभागितामा जोड दिनुहोस्)

(क) पहिले जस्तै विद्यार्थीलाई एक देखि तिन मिनेटसम्म मौन बस्न प्रेरित गर्नुहोस्, सबै विद्यार्थी मौन बसाइको विधिअनुरूप बसे/नबसेको कुरामा ध्यान दिनुहोस् र मौन बसाइको महत्त्व दर्साई Silent Sitting गराउनुहोस् ।

(ख) लेखनाथ पौड्यालद्वारा लिखित तलको कवितांश लेखन पाटीमा लेख्नुहोस् र त्यसको अर्थ लगाउन विद्यार्थीलाई उत्प्रेरित गर्नुहोस् ।

**गर्नू मिली सबै काम हुन्छ अत्यन्त फायदा**
**एकता हेर कस्तो छ मौरीको महमा सदा ॥**

(ग) विद्यार्थीले भनेको अर्थ राम्ररी सुन्नुहोस् र आवश्यकताअनुसार अर्थ भन्न सहयोग पनि गर्नुहोस् :

(घ) तपाईँले लैजानु भएको चित्र सबैले देख्ने गरी टाँग्नुहोस्

| |
|---|
| पहरो फुटाएर बाटो बनाउँदै गरेको चित्र |

DRAFT

(ङ) विद्यार्थीलाई चित्र हेरी वर्णन गर्न लगाउनुहोस् । आवश्यकताअनुसार चित्रको वर्णन गर्न विद्यार्थीलाई सहयोग गर्नुहोस् र समाजमा मिलेर काम गर्दा हुने फाइदाको बयान गर्न लगाउनुहोस् । त्यसका लागि आवश्यक सहयोग गर्नुहोस् ।

(च) संयुक्त परिवारको महत्व बताउनुहोस् । परिवारका जेष्ठ सदस्यहरूले परिवारलाइ अगाडि बढाउन खेलेका भूमिकाको चर्चा गर्नुहोस् । पारिवारिक समन्वय कायम गर्न सके परिवारको उन्नति हुने कुरा स्पष्ट्याउनुहोस् ।

(छ) संसारमा विभिन्न जाति, धर्म, पेसा व्यवसाय र विविध वर्ग समुदायका मानिसहरू भएको कुरा विद्यार्थीलाई बुझाउनुहोस् । यस्तो अवस्थामा एउटा व्यक्तिले अर्को व्यक्तिलाई, एउटा जातिका मानिसहरूले अर्को जातिका मानिसहरूलाई, एउटा धर्म सम्प्रदायका मानिसले अर्को धर्म सम्प्रदायका मानिसहरूलाई, एउटा पेसा व्यवसायका मानिसले अर्को पेसा व्यवसाय र एउटा वर्ग समुदायका मानिसले अर्को वर्ग समुदायका मानिसहरूलाई सहयोग गरेमा पारस्परिक सम्बन्ध कस्तो होला भनी विद्यार्थी विद्यार्थी बिच छलफल गराउनुहोस् र भाइचाराको भावना बढेर जाने निष्कर्षमा पुऱ्याउनुहोस् ।

(ज) विद्यार्थीहरूलाई 'सबै मिलौँ' पाठ मौन वाचन गर्न लगाउनुहोस् । सबैले मौन वाचन गरे/नगरेको ख्याल गर्नु होस् कसैले मौन वाचन नगरेको पाइएमा सो कार्यका लागि प्रेरित गर्नुहोस् ।

(झ) मौन वाचनपछि सामाजिक सन्तुलन कायम गर्न के कस्ता मानवीय गुणहरूको आवश्यकता पर्छ ? भन्ने प्रश्न गर्नुहोस् र पाठबाट मानवीय गुणहरू खोजी गर्न लगाउनुहोस् ।

(ञ) विद्यार्थीहरूले परोपकार, दया, उदारता, सहनशीलता, सद्भाव, मेलमिलाप, धैर्य र सहयोग जस्ता मानवीय गुणहरूको खोजी गर्न सक्ने छन् । ती गुणहरूले कसरी धार्मिक र सामाजिक समन्वय कायम गर्न सक्छन् भनी विद्यार्थीलाई छलफल गराउनुहोस् , जस्तै : एउटा धर्म, वर्ग वा पेसा व्यवसायको व्यक्तिले अर्को धर्म, वर्ग वा पेसा व्यवसाय भएका व्यक्तिको उपकार गऱ्यो भने उपकृत हुने (उपकार पाउने) व्यक्तिले उपकार गर्ने व्यक्तिलाई सधैँ आदर सम्मान गर्दछ । उनीहरू बिच पारस्परिक मित्रताको भावना प्रगाढ हुन्छ । एकले अर्कालाई आफन्त ठान्न थाल्छन् । अन्ततः *वसुधैव कुटुम्बकम्* अर्थात् संसारका सबै मानिसहरू एउटै परिवारका सदस्य हुन् भन्ने भावनाको विकास हुन्छ । यही भावना र यस्तै असल व्यवहारले समाज, राष्ट्र र विश्वलाई नै स्वर्ग तुल्य बनाउँछ । विद्यार्थीले यी कुराहरू भन्न सक्ने छन् । भन्न नसकेको खण्डमा तपाइँले सहयोग गर्नु होस् र हरेक मानिसमा मानवीय गुण हुनुपर्ने, तिनै गुणले मानिस मानिसबिच भेद दृष्टि राख्न नदिई सबैलाई समन्वय गर्ने र विश्वलाई सुन्दर बनाउने कुरा बुझाइ दिनुहोस् ।

(ट) विद्यार्थीहरूले टि.भि. र फेसबुकको प्रयोगमा ज्यादा समय बिताउँदा पारिवारिक ,सामाजिक, सद्भावमा खलल पुऱ्याउन सक्ने कुरामा सचेत हुन सुझाब दिनुहोस्

(ठ) तपाईंले कक्षामा लिएर जानु भएको पारिवारिक तथा सामाजिक समन्वयबाट हुने फाइदाहरूको सूची प्रस्तुत गर्नुहोस् : त्यस सूचीमा तपाईंले निम्नानुसारका फाइदाहरू लेख्न सक्नुहुने छ :

**पारिवारिक तथा सामाजिक समन्वयबाट हुने फाइदाहरू**

- पारस्परिक मित्रताको भावना बढेर जान्छ ।
- एकले अर्काको दु:ख कष्टमा सहयोग पुऱ्याउँछन् ।
- जाति, धर्म, वर्ग, समूहबिचको दुरी समाप्त हुने छ ।
- मानिस मानिसबिच मानवीय भावनाको विकास हुन्छ ।
- विश्व शान्तिको वातावरण बन्छ ।
- परिवारका सदस्यका काममा सहयोग गर्ने बानीको विकास हुनसक्छ ।
- पारिवारिक स्नेहको वातावरण बन्धन बलियो हुन्छु आदि ।

ठ) विद्यार्थीले पारिवारिक समन्वय कायम गर्न के कस्ता काम गर्न सक्छन् भन्ने विषयमा छलफल गराउनुहोस् । उनीहरूले "आफ्नो पढाइ लेखाइभन्दा अतिरिक्त समयमा आमाबुबा तथा दाजुदिदीले गर्ने घरायसी काममा

DRAFT

सहयोग गर्न सक्छौँ" भन्ने उत्तर दिन सक्छन् । त्यस बेला उनीहरूलाई पारस्परिक सहयोगका काम गरी पारिवारिक वातावरण सुमधुर बनाउन प्रोत्साहन गर्नुहोस् ।

**५. मूल्याङ्कन**

निम्नानुसारका प्रश्न दिई मूल्याङ्कन गर्नुहोस् :

(क) पारिवारिक समन्वय कायम गर्न तिमी के गर्छौ ?

(ख) धार्मिक र सामाजिक आचरणको समन्वय कसरी हुन सक्छ ?

(ग) समन्वयले समाजलाई के फाइदा हुन्छ ।

(घ) तिमी कसरी पारिवारिक र सामाजिक भलाइका काम गर्छौ ?

(ङ) समाज कसरी सभ्य बन्न सक्छ ?

(च) विश्व शान्तिका लागि तिमी कस्तो प्रयास गर्छौ ?

(छ) पाठ्यपुस्तकमा भएका अभ्याससमेत गराई उत्तर पुस्तिका परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् :

**नोट : यी क्रियाकलापहरू नमुना मात्र हुन् । निर्धारित उद्देश्य प्राप्तिका लागि तपाईंले यस्ता अन्य क्रियाकलाप पनि गराउन सक्नुहुने छ ।**

DRAFT

## पाठ : एक

## सहयोगी भावना

**१. उद्देश्य / सिकाइ उपलब्धि** अनुमानित घन्टी : ५

| पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य | पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा सिकाइ उपलब्धि |
|---|---|
| - सामाजिक मूल्य पहिचान गर्न र तिनलाई व्यवहारमा उपयोग गर्न<br>- मानवीय गुणहरूको पहिचान गर्न | - सामाजिक कार्यमा रुचि राखी त्यस्ता काममा सहभागी हुने बानी बसाल्न<br>- वातावरण संरक्षणमा क्रियाशील रहन<br>- परस्पर सहयोग गर्ने बानीको विकास गर्न |

**२. पाठ परिचय**

वातावरण संरक्षण गर्ने जिम्मेवारी हाम्रो आफ्नै जिम्मेवारी हो । प्राकृतिक सन्तुलन कायम राख्न वनजङ्गल र नदीनालाहरूको संरक्षण आवश्यक छ । टोल छिमेक र सार्वजनिक महत्त्वका स्थलहरू सफा सुग्घर राख्नुपर्छ । स्वच्छता, पवित्रता र प्राकृतिक सौन्दर्यको अवलोकनकै लागि पर्यटकहरू हाम्रो देशमा आउँछन् । यहाँका वन्यजन्तु र वनजङ्गलको मनोरम दृश्यले रसिकहरूको मनलाई मोहित तुल्याउँछ । यो परिवेशलाई हामी आफैँले बचाइ राख्नुपर्छ । यस अतिरिक्त "ढुङ्गाको भर माटो र माटाको भर ढुङ्गो" भनेझैँ समाज पारस्परिक सहयोग र सद्भावमा अडेको हुन्छ । बखत मौकामा अरूलाई सहयोग गर्नु मानव कर्तव्य हो । सत्यको सहारा लिएर आत्म विश्वासका साथ गरेका कामहरू सहजै सम्पन्न हुन्छन् । समाजका हरेक सदस्य बिचको स्नेह, सद्भाव र सहयोग जस्ता असल व्यवहारहरू सामाजिक मूल्य मानिएका छन् । हामीले यिनै सामाजिक मूल्य मान्यतालाई कामय राख्तै स्वच्छ समाज निर्माण गर्नुपर्छ । यी मूल्य मान्यताहरू हामी आफैँले बढाउँदै लैजानुपर्छ र जीवनलाई स्वच्छ, सहज र समृद्ध पार्नुपर्छ ।

| |
|---|
| हामीले प्राकृतिक सौन्दर्य जोगाइ राख्नुपर्छ । समाजमा मिलेर काम गर्नाले सहयोगी भावना बढेर जान्छ । पारस्परिक सहयोगको भावना र व्यवहारबाट सामाजिक मूल्य मान्यता कायम हुने हुनाले हरेक मानिसमा सहयोगी भावना हुनु आवश्यक छ । |

**३. शैक्षणिक सामग्री**

(क) प्राकृतिक सौन्दर्यको सङ्केत गर्ने चित्र

(ख) स्वच्छ पर्यावरणबाट हुने फाइदाहरूको सूची

(ग) वन फडानी भएर उराठ लाग्दो देखिने पोस्टर



DRAFT

(घ) मानिसहरू परस्पर मिलेर काम गरिरहेको पोस्टर

(ङ) पारस्परिक सहयोगबाट हुने फाइदा लेखिएको सूची

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

(तपाईँले सङ्केत गरेका विषयबाट हुने फाइदाहरूको खोजी र लेखाजोखा विद्यार्थीबाटै गराउनुहोस् । अध्ययनका लागि विद्याथीलाई नै उत्साहित तुल्याउनुहोस् ।)

(क) कक्षा सुरु गर्नुअघि विद्यार्थीलाई एक देखि तिन मिनेटसम्म मौन बस्न प्रेरित गर्नुहोस् ।

(ख) हरियालीयुक्त वन जङ्गलको पोस्टर टाँग्नुहोस् र वनजङ्गलको संरक्षणबाट हुने फाइदा भन्न लगाउनुहोस् । आफूले लगेको सूची प्रस्तुत गर्नुहोस् र थप छलफल गराउनुहोस् ।

(ग) जङ्गल फँडानी भएर उराठ लाग्दो अवस्थामा पुगेका ठाउँको पोस्टर टाँग्नुहोस् र वन संरक्षण गर्दा र वन फँडानी गर्दा हुने फाइदा बेफाइदा बारे छलफल गराउनुहोस् र वन संरक्षण गरी वातावरण संरक्षण गर्नु हामी सबैको कर्तव्य भएको निष्कर्षमा पुऱ्याउनुहोस् ।

(घ) सडक, टोल र नदीनाला सफा र स्वच्छ नभए त्यसबाट रोग फैलन सक्ने र जन स्वास्थ्यमा सङ्कट आउने विषयमा जानकारी गराउनुहोस् ।

(ङ) विद्यार्थीहरूले सडक, टोल, छिमेक र आफ्ना नजिकका नदीनाला कसरी सफा राख्न सक्छन्, यस्तो सरसफाइमा उनीहरूको कस्तो योगदान हुन सक्छ ? छलफल गराउनुहोस् ।

(च) विद्यार्थीलाई कुनै सार्वजनिक स्थल सरसफाइ गराउने योजना बनाउन लगाउनुहोस् र आफ्नो निर्देशनमा सोको कार्य गराई प्रतिबेदन तयार गर्न निर्देशन दिनुहोस् ।

(छ) धेरै मानिस मिलेर काम गर्दै गरेको चित्र प्रस्तुत गर्नुहोस् । जुन चित्र पाठ्यपुस्तकमा वर्णित धान थन्क्याउने काम गर्दै गरेको चित्र पनि हुन सक्छ ।

| | |
|---|---|
| खेतमा धान काट्तै गरेको | धान झार्दै गरेको |
| धान बोरामा हाल्दै गरेको | बोराको धान बोकेर घर लादै गरेको |
| पराल थन्क्याउँदै गरेको चित्र | |

(ज) चित्र हेरी वर्णन गर्न लगाउनुहोस् : सामूहिक रूपमा मिलेर काम गरे के हुन्छ ? यस प्रश्नको उत्तर विद्यार्थीबाटै खोज्नुहोस् ।

DRAFT

(झ) सबै  विद्यार्थीलाई उत्तर भन्न प्रोत्साहित गर्नु होस् । विद्यार्थीले भनेका उत्तर लेखन पाटीमा टिप्तै जानुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ञ) तिर्ख्याएकालाई पानी दिनु मानवीय धर्म भएको कुरा बुझाउनुहोस् र भोका तथा कमजोर मानिसलाई सहयोग गर्न प्रोत्साहन गर्नुहोस् ।

(ट) उपकार, सहयोग, सद्भाव, प्रेम, सहानुभूति जस्ता विषयहरू नै मानवीय मूल्य हुन् । मानव जीवनलाई सार्थक बनाउन र सच्चा मानव बन्न यी मूल्यहरूलाई व्यवहारमा उतार्न पर्ने विषयमा प्रकाश पारिदिनुहोस् ।

(ठ) विद्यार्थीलाई "तिमीहरूले यी मूल्यलाई व्यवहारमा अपनाएका छौँ ? छौ भने कुन कुन मूल्यलाई कसरी व्यवहारमा उपयोग गरेका छौ ?" भनी छलफल गराउनुहोस् ।

(ड) छलफलबाट प्राप्त निष्कर्षलाई उत्तर पुस्तिकामा लेख्न लगाउनुहोस् र पालैपालो भन्न लगाउनुहोस् ।

(ढ) पाठ मौन वाचन गर्न लगाउनुहोस् र पाठमा भएका मुख्य मुख्य घटनालाई बुँदागत रूपमा टिपोट गर्न निर्देशन दिनुहोस् ।

(ण) तलका प्रश्न जस्तै अन्य प्रश्न पनि सोध्नुहोस् र उत्तर भन्न प्रेरित गर्नुहोस्  :

**प्रश्नहरू**

- वातावरणको संरक्षण कसरी गर्न सकिन्छ ?
- सबै मिलेर काम गर्दा के फाइदा हुन्छ ?
- के कस्ता कुराहरू मानवीय मूल्य मानिन्छन् ?
- मानवीय मूल्यहरू कसरी प्राप्त हुन्छन् ?
- जीवन सफल बनाउन के गर्नुपर्छ ?

(त) कुनै सार्वजनिक स्थलमा शैक्षिक भ्रमण गराउनुहोस् । त्यस भ्रमणको प्रतिबेदन तयार गर्न लगाई सो प्रतिबेदनको मूल्याङ्कन गर्नुहोस् र आवश्यक हौसला प्रदान गर्नुहोस् ।

DRAFT

## ५. मूल्याङ्कन

(क) तलका प्रश्नको उत्तर भन्न प्रेरित गर्नुहोस् :

(अ) वातारणको संरक्षण कसरी हुन्छ ?

(आ) सामाजिक उन्नतिका लागि के गर्नुपर्छ ?

(इ) के कस्ता कामलाई सामाजिक काम भनिन्छ ।

(ई) तिमी सामाजिक काममा कसरी सहभागी हुन्छौ

(उ) तिमी कसरी मानवीय मूल्यलाई व्यवहारमा उपयोग गर्छौ ?

## ६. गृहकार्य

(क) हाम्रा वरिपरिको वनजङ्गलको संरक्षण कसरी गर्न सकिन्छ ?

(ख) हाम्रो गाउँटोल/बाटो घाटो र नजिकका नदीनालाहरूलाई कसरी स्वच्छ राख्न सकिन्छ ?

(ग) तिम्रो घरबाट विद्यालय जाने बाटो असाध्यै फोहोर भएको छ त्यसलाई सफा गर्न के गर्न सकिन्छ ? अभिभावकसँग छलफल गरी एक अनुच्छेदमा आफ्नो विचार लेख ।

**नोट : यी क्रियाकलापहरू केवल नमुना मात्र हुन् । निर्धारित लक्ष्य प्राप्तिका लागि तपाईंले यी र यस्ता अन्य क्रियाकलापहरू पनि गराउन सक्नुहुने छ ।**

DRAFT

पाठ : दुई

# काम थरी थरीका

## १. उद्देश्य/सिकाइ उपलब्धि

अनुमानित घन्टी : ५

| पाठ्क्रमले निर्धारण गरेको उद्देश्य | पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा सिकाइ उपलब्धि |
|---|---|
| - पेसागत मूल्य पहिचान गर्न<br>- पेसाप्रति सकारात्मक सोच विकास गर्न | - श्रमको सम्मान गर्न र श्रम गर्ने बानी बसाल्न<br>- पेसा व्यवसायमा दक्षता हासिल गरी आफ्नो पेसाप्रति इमानदार रहन<br>- स्थानीय मौलिक पेसा व्यवसायको संरक्षणमा लाग्न |

## २. पाठ परिचय

अनावश्यक तबरले समय खेर फाल्नु हुँदैन । फुर्सदका बेला पनि कुनै न कुनै काममा संलग्न भइरहनु शारीरिक र मानसिक दृष्टिले लाभदायक हुन्छ । मानिसहरू जीवन निर्वाहका लागि विभिन्न पेसा व्यवसायमा संलग्न हुन्छन् । काममा लगनशील हुनु, कर्तव्यप्रति निष्ठा राख्नु र पेसाप्रति इमानदार रहनु असल मानिसका गुणहरू हुन् । लगनशीलता र इमानदारिताले मानिसको सिप अभिवृद्धिमा सहयोग पुऱ्याउँछन् । दक्षताले आत्मविश्वासको भावना जगाउँछ । यी सबै पक्षको कुसल संयोजनले जीवन पद्धतिलाई सरल र सहज तुल्याउँछन् । महामानवहरूले पनि कर्ममा जोड दिएका छन् । हाम्रा कतिपय धर्मग्रन्थले निष्ठापूर्वक कर्म गर्दै जिउने प्रेरणा दिएका छन् । त्यसैले कर्ममा विश्वास गर्नुपर्छ । जुनसुकै पेसा व्यवसायमा भए पनि सकारात्मक सोच राखी काम गर्नुपर्छ । त्यही कामले मानिसलाई सफलताको शिखरमा पुऱ्याउँछ । शरीरका विभिन्न अङ्ग/अवयवको सहयोगबाट व्यक्तिले कार्य सम्पादन गरेझैँ विभिन्न पेसा व्यवसायमा संलग्न मानिसको सामूहिक योगदानबाट सभ्य र समुन्नत समाज निर्माण हुन्छ । सामाजिक संरचनाको पूर्णताका लागि लुगा सिलाउने जुत्ता बनाउने, खेती किसानी गर्ने , पशुपालन गर्ने र यस्ता अन्य विभिन्न पेसामा संलग्न सबै व्यक्तिको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसैले कुनै पनि पेसा व्यवसाय हेय र तुच्छ हुँदैन । सबैको महत्त्व समान हुन्छ । सबैले आआफ्नै पेसा व्यवसायका माध्यमबाट समाजलाई सेवा पुऱ्याइरहेका हुन्छन् । त्यस कारण शरीरका निम्ति सबै अङ्गको महत्त्व समान भएझैँ समाजका सबै पेसाकर्मीको महत्त्व पनि समान छ, सबै बराबरी छन् ।

विभिन्न पेसा व्यवसायीको सामूहिक रूप सिङ्गो समाज हो । सामाजिक पूर्णताका लागि सबै पेसाको महत्त्व समान छ । हरेक पेसाकर्मीमा इमानदारीपन, आत्मविश्वास, दक्षता र उत्तरदायित्व बोध आवश्यक छ । पेसाकै कारण मानिसको उपेक्षा वा अपेक्षा हुनुहुँदैन । स्थानीय पेसा व्यवसायलाई स्तरीकरण गर्दै लैजान सके पेसागत मानवीय मूल्यको संरक्षण हुनुका साथै सामाजिक जीवन पद्धतिकोसमेत सुधार हुने छ ।

DRAFT

### ३. शैक्षणिक सामग्री

क) मानिसहरू विभिन्न पेसामा संलग्न भएको चित्र/पोस्टर

ख) विभिन्न पेसाहरूको सूची

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

(तपाइँले प्रस्तुत गर्ने शैक्षणिक सामग्रीको अवलोकन र अध्ययनपछि विद्यार्थी क्रियाकलापको सक्रियतालाई महत्त्व दिनुहोस् ।)

(क) यस शीर्षकका हरेक कक्षा सुरु गर्नुअघि छोटो समय विद्यार्थीलाई silent sitting गराउनुहोस् : सबै विद्यार्थीले प्रक्रिया पुऱ्याएर मौन बसे/नबसेको ख्याल गर्नुहोस् र कक्षा सुरु हुनुअघि गरिने Silent sitting को महत्त्व बुझाई सबै विद्यार्थीलाई मौन बस्न प्रेरित गर्नुहोस् ।

(ख) सबै विद्यार्थीलाई यो पाठ मौन वाचन गर्न निर्देशन दिनुहोस् । सबैले मौन वाचन गरे नगरेको ख्याल गर्नुहोस् र नगरेको पाइए मौन वाचन गर्न प्रोत्साहन गर्नुहोस्, भानुभक्त आचार्यद्वारा रचित यो कवितांश लेखन पाटीमा लेख्नुहोस् र त्यसको आशय भन्न उत्प्रेरित गर्नुहोस् :

**ज्यूदै मऱ्याको भनी नाउँ कस्को ?**
**उद्यम बिना बित्तछ काल जस्को ।**

(ग) मौन वाचनपछि पाठमा कस कसले कुन कुन पेसा गरेको उल्लेख रहेछ कापीमा टिपोट गर्न लगाउनुहोस्  र ती पेसाबाट कस कसलाई के के फाइदा होला भनी छलफल गराउनुहोस् ।

(घ) तपाईंले कक्षामा लिएर जानुभएको चित्र/पोस्टर सबैले देख्नेगरी टाँग्नुहोस् र त्यस चित्रमा कसकसले कुन कुन काम गरिरहेका होलान् ? चित्रका मानिसले गर्दै गरेको काम भन्न प्रोत्साहित गर्नुहोस् ।

लुगा सिलाइरहेको चित्र (महिला) जुत्ता बनाइरहेको चित्र

भाँडा बनाइरहेको चित्र तरकारी खेतीमा पानी लगाइरहेको चित्र

शिक्षिकाले कक्षामा पढाइरहेको चित्र (महिला) पसलेले सामान बेचिरहेको चित्र( महिला)

DRAFT

(ङ) मानिसहरूले ती काम किन गरेका होलान् ? कस कसले गरेका कामबाट को को लाभान्वित भएका छन् ? ती कामबाट भएको आम्दानीलाई उनीहरू के केमा खर्च गर्लान् ? पारस्परिक छलफल गराउनुहोस् र बुँदागत रूपमा टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(च) तलका प्रश्नहरूमा केन्द्रित रही छलफल गराउनुहोस् :

(अ) श्रम नगरे के हुन्छ ?

(आ) राम्ररी काम गरिएन भने के हुन्छ ?

(इ) किन पेसाप्रति इमानदार हुनुपर्छ ?

(ई) तिम्रो छरछिमेकका मानिसहरू कुन कुन पेसामा संलग्न छन् ?

(उ) तिम्रो समुदायका मानिसहरूको मुख्य पेसा के हो ?

(ऊ) जीवन सफल बनाउन के गर्नुपर्छ ?

(छ) तपाईंले प्रस्तुत गर्नु भएको चित्र हेरी न. च मा दिइएका प्रश्नउपर छलफल गर्दा विद्यार्थीले निम्नानुसारका उत्तर दिनसक्ने छन् :

(अ) श्रम नगरे जीवन धान्न कठिन हुन्छ ।

(आ) राम्ररी काम गरिएन भने राम्रो आय आर्जन हुँदैन/ अरूको विश्वास जित्न सकिँदैन ।

(इ) पेसा व्यवसायमा दक्षता हासिल गर्न र सबैको विश्वासिलो हुन पेसाप्रति इमानदार हुनुपर्छ ।

(ई) कृषि, व्यापार, नोकरी, समाजसेवा आदि

(उ) ठाउँअनुसार कृषि, व्यापार आदि

(ऊ) आफू संलग्न भएको पेसामा इमानदार भएर लाग्नुपर्छ आदि ।

(ज) जीवन सहज बनाउन शारीरिक र मानसिक तन्दुरुस्ती आवश्यक हुन्छ । हामीले पढाइ लेखाइका माध्यमबाट मानसिक स्फूर्ति बढाउन सक्छौँ भने फुर्सदका बेला काम गरेर शारीरिक स्फूर्ति पनि बढाउन सक्छौं भन्ने सन्दर्भमा छलफल गराउनुहोस् ।

(आफ्नो पढाइका साथै अन्य कुनै पेसामा लागेका व्यक्तिहरू तपाईंको टोल छिमेकमा हुन सक्छन् । तिनलाई उदाहरण बनाउनुहोस् र मानिसले पढाइ सँगसँगै व्यावहारिक काम पनि जान्नुपर्ने कुरा बुझ्न प्रेरित गर्नुहोस्)

(झ) कुनै उद्योग व्यवसायमा संलग्न हुनेले गुणस्तरीय वस्तु उत्पादन गरी उचित मूल्यमा बिक्री वितरण गर्नुपर्ने हुन्छ । मानिसलाई झुक्याउने र ठग्ने सोच राखेर काम गरे पेसागत मूल्यमा ह्रास आउँछ । त्यस्तो व्यवसाय दीर्घकालीन हुँदैन । त्यसैले पेसागत मूल्यको संरक्षण गर्नुपर्छ भनी विद्यार्थीलाई पेसाप्रति इमानदार हुन प्रोत्साहन गर्नुहोस् :

DRAFT

**विद्यार्थीलाई यो कथा सुनाउनुहोस् :**

बदमटार नाम गरेको कुनै एउटा गाउँमा हर्क र बिर्ख नामका किसानहरू थिए । उनीहरूले पशुपालनलाई आफ्नो मुख्य पेसा बनाएका थिए । दुवैले गाई भैँसीको दुध बेचेर जीविका चलाउँदै आएका थिए । विक्री नभएको दुध जमाएर दही बनाउँथे र मोही पारी घिउ पनि बेच्ने गर्थे । उनीहरूको व्यवसाय राम्ररी चलेको थियो ।

बिर्खको मन अचानक परिवर्तन भयो । उनले अलि चाँडै पैसा कमाएर छिटै धनी बन्ने कुराको सोच राखे । अब उनी दुधमा पानी मिसाएर बेच्न थाले । उसिनेको पिडालु मिसाएर नौनी बेच्न थाले । त्यसरी केही दिनसम्म उनले उपभोक्तालाई झुक्याए । हर्कलेभन्दा अलि बढी नै पैसा पनि कमाए तर उपभोक्ताले बिर्खबाट आफूहरू ठगिन थालेको बुझे । त्यसपछि पनि छरछिमेक र अन्य उपभोक्ताहरू बिर्खसँग राम्ररी बोल्थे, कुराकानी गर्थे तर उनीसँग सामान किन्नचाहिँ छोडिसकेका थिए । अब बिर्खको व्यापार बन्द भयो । अहिले उनी पुर्पुरामा हात लगाएर बसेका छन् । उनी पछुताइरहेका छन् । उनलाई आफ्ना छोराछोरीका निम्ति किताब र कापी किनिदिन पनि धौँ धौँ भएको छ । घर व्यवहार चलाउन पनि समस्या हुन थालेको छ ।

उता हर्कलाई भ्याइ नभ्याई छ । उनी आफ्ना इस्टमित्र र उपभोक्तालाई मिसावट नभएको शुद्ध सामान दिन्छन् । त्यसको उचित मूल्य लिन्छन् । कतिपय उपभोक्ताले त "बिर्खको जस्तो त नगर्नुस् है" भन्दै हर्कलाई सचेत पनि तुल्याउँछन् । हर्क भन्छन् "ए हजुर, मरी लानु के छ र बेइमानी गर्नु ? संसारमा को अजम्बरी छ र ? हाम्रा हजुरबाले 'मरेपछि जाने बाटो नबिगार्नू है बाबै' भन्नु हुन्थ्यो । बेइमानी गऱ्यो भने त बाँचेका बेलाकै बाटो बिग्रने रहेछ । त्यसैले म त सत्यकै बाटोमा हिँड्छु । कसैलाई झुक्याउँदिन र ठग्दिन ।"

(ञ) यो कथाको मर्म के हो भनी प्रश्न गर्नुहोस् र पेसागत मूल्य मान्यताको पालना गर्दा र नगर्दा के के हुन सक्छ भनी छलफल गराउनुहोस् । विद्यार्थीलाई "तिमी भविष्यमा कस्तो पेसा गर्छौ ?  त्यो पेसा गर्ने सोच किन बनायौ ? कसरी त्यो पेसा गर्छौ ? अहिले कुन पेसामा छौ ? पेसाप्रति इमानदार नभए के हुन्छ ?" यस्तै यस्ता अन्य प्रश्न बनाई छलफल गराउनुहोस् र आवश्यक निष्कर्षमा पुग्नुहोस् ।

**५. मूल्याङ्कन**

(क) तलका प्रश्नको उत्तर खोज्नुहोस् :

(अ) तिमीले  कक्षामा प्रस्तुत गरिएको चित्र हेरेर के कुरा बुझ्यौ ??

(आ) अध्ययन गर्नु पनि तिम्रो पेसा  नै हो तिमी त्यो पेसालाई कसरी सम्हाल्छौ ?

(इ) तिमीलाई मनपर्ने पेसा कुन हो ? तिमीले त्यो पेसाका माध्यमबाट कसरी सबै उपभोक्ताको विश्वास जित्छौ ?

(ख) तपाईंको पनि यस्तै ज्ञान, बोध र अभिवृत्ति परीक्षणसँग सम्बन्धित प्रश्न बनाई मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण पदान गर्नुहोस् :

DRAFT

**६. गृहकार्य**

(क) तिम्रा अभिभावक कुन पेसामा संलग्न हुनुहुन्छ ? उहाँले त्यो पेसा कसरी सञ्चालन गर्दै हुनुहुन्छ ? उहाँ त्यस पेसाबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? आफू विचार गर, आवश्यक कुरा अभिभावकसँग पनि सोध र एउटा लेख लेखी शिक्षकलाई देखाऊ ।

(ख) पाठ्यपुस्तकमा दिइएको अभ्यास गराउनुहोस्, परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ग) विद्यार्थीहरू घरको के कस्ता दैनिक स साना काममा सहभागि बन्ने गरेका छन् त्यसको विवरण कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**नोट : यी क्रियाकलापहरू केवल नमुना मात्र हुन् । निर्धारित लक्ष्य प्राप्तिका लागि तपाईंले यी र यस्ता अन्य क्रियाकलापहरू पनि गराउन सक्नुहुने छ ।**

DRAFT

पाठ : तिन

# इमानदारी

## १. उद्देश्य/सिकाइ उपलब्धि

अनुमानित घन्टी : ५

| पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू | पाठ्यक्रम र पाठ्यपुस्तकको आधारमा सिकाइ उपलब्धि |
|---|---|
| • पेसागत मूल्यको लेखा जोखा गरी पेसा प्रति सकारात्मक सोचको विकास गर्न | • पेसाप्रति अनुकरणिय लगनशीलता, इमानदारीता र वफादारीताको सराहना गर्न<br>• पेसाप्रतिको कर्तव्य परायण र निष्ठावान्हरूको सम्मान गर्न<br>• समुदाय र राज्यबाट व्यक्तित्व निर्माणमा भएको सहयोगको बर्णन गर्न । |

## २. पाठ परिचय

पेसाप्रति इमानदार कर्तव्यनिष्ठ भएर सकारात्मक सोचको विकासगरी लगनशील भएमा अनुकरणीय असल मानवमा हुनुपर्ने व्यक्तित्व विकास हुन सक्छ । असल व्यक्तित्वबाट समुदाय र राष्ट्रले प्रशस्त उपलब्धिहरू प्राप्त गर्न सकेका हुन्छन् । मानिसमा भएको अन्तरनिहित प्रतिभालाई सकारात्मक सोचमा परिणत गर्ने अवसर दिन सकेको अवस्थामा इमानदारिताको कसी लगाउन सकिन्छ । राज्यका प्रत्येक व्यक्तिलाई इमानदारिताको कसी लगाई असल र खराबको कित्तामा किनारा लगाउने परिपाटी भएको अवस्थामा नागरिकलाई असल र खराब व्यक्ति छुट्याउन यति ठुलो समस्या पर्ने थिएन । यहाँ इमानदारिताको कसी लगाउने साधनको अभावमा खराब आचरण भएका व्यक्तिहरूले अरू नागरिकलाई सास्ती दिइरहेका छन् । प्रत्येक व्यक्तिले इमानदारीतालाई शस्त्र बनाई आफ्नो पेसा र व्यवसाय सञ्चालन गरेको अवस्थामा खराब आचरणले प्राथमिकता पाएर मौलाउन सक्ने थिएन । इमानदार र असल नागरिक समुदाय र राष्ट्रका गहना हुन् ।

## ३. शैक्षणिक सामग्री

पाठ्यवस्तु शिक्षण गर्नका लागि प्रयोगमा आउने आवश्यक सामाग्रीहरू यस प्रकार छन् :

- समुदायका असल आचरण भएका इमानदार व्यक्तिहरूले गरेका उदाहरणीय असल कामहरूको सूची
- विविध व्यवसायमा संलग्न रही देश विदेशमा ख्याति कमाएका व्यक्तित्वहरूको फोटा र उनीहरूका विशेष गुणहरू उल्लेख भएको चार्ट
- पेसा व्यवसायप्रति इमानदार र असल काम गरेवापत समाज राज्यले दिएको कदर र सम्मान
- विविध क्षेत्रमा इमानदार भई असल काम गर्ने व्यक्तित्वहरूको जीवन कहानी
- विविध व्यवसायमा संलग्न रही देश विदेशमा धन, धर्म र नाम कमाएका व्यक्तित्वहरूको जीवन कहानी



DRAFT

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप : १**

शिक्षकले शीर्षकसँग सम्बन्धित निम्न रोचक घटना प्रस्तुत गर्नुहोस् :

सुन्तली अहिले कक्षा सातमा अध्ययन गर्दछिन् । २०७० सालको दशैं विदामा आफ्ना आमाबुबालाई भेट्न जापान गएकी थिइन् । उनका आमाबुबाले जापानमा पसल गरेका थिए । आमाबुबाले जापानको र जापानका मानिसको बयान सुनाउँदा उनलाई कहिले जापान जान पाऊँला भन्ने थियो । गत वर्षको दशैंको लामो विदामा गाउँका एक जना मानिस जापान जान लागेको थाहा पाइन् र उनीसँग साथ लागेर जापान पुगिन् । जब सुन्तली नरिता इएरपोर्टमा ओर्लिइन् उनी तिन छक परिन् । जापानका मानिसको व्यवहार र सरसफाइ राम्रो थियो । उनलाई लिन आमाबुबा इएरपोर्टमा आउनु भएको थियो । सुन्तलीका आमाबुबा उनलाई गाडीमा लिएर आफ्नो निवासतर्फ लागे । उनी जापानको मनोहर दृश्य अवलोकन गर्दै साँझमा निवास पुगिन् ।

सुन्तलीले गाउँ घरका सबै ताजा घटना आमाबुबालाई सुनाइन् । दशैंको किनमेल / बजार गर्ने भोलिको कार्यक्रम तयार भयो । दशैंमा नयाँ लुगा लगाउने परम्परा भएअनुसार सुन्तली र आमाबुबा सबैलाई एक/एक सेट नयाँ लुगा किने । त्यसलाई हातमा लिएर खाद्यान्नका सामान किन्न अर्को पसलमा गए । सामान किने सबैको हातमा अटाईनअटाइ सामान भयो । सामान गाडीमा राखेर निवासमा पुगे । दशैंको रमझम नेपालबाट सुन्तली आएको थाहा पाएर भेट्न आउने छिमेकीको खचाखच थियो । दशैंको रमझममा छोरीको आगमनले सुन्तलीका आमाबुबा व्यस्त देखिन्थे । पसलबाट फर्किएपछि खाद्यान्नको खोजी भयो सबै ठिक थियो । तर कपडाको ब्यागको खोजी भएन ।

दशैंको टीकाको अघिल्लो दिन टीका लगाउँदा लगाउने लुगाको विषयमा चर्चा भयो । हिजो किनेको लुगा कस्तो सुहाउँछ लगाई हेरौँ न भन्दा लुगा नै भेटिएन । अब लुगा कहाँ छुट्यो भन्ने विषयमा खोजी हुन थाल्यो । गाडी लिएर तिनै जना छुटेको लुगाको खोजीमा बजार हिँडे । पहिले लुगा किनेको पसलमा गए । त्यहाँबाट बिल समेत लुगा लगेको जानकारी प्राप्त भयो । त्यहाँबाट उनीहरूको पसलमा गए र भने, हिजो हाम्रो यहाँ केही सामान छुटेको छ कि ? पसलेले सामान निकालेर भन्यो "यो तपाईंको सामान हो ?" हाम्रो छुटेको सामान यही हो ? सुन्तलीका आमाबुबा पसलेलाई मुरी मुरी धन्यवाद दिएर खुसी हुँदै लुगा लिएर निवासतर्फ लागे ।

सुन्तली यो घटनाबाट तिन छक परिन् । जापानमा सामान हराउँदैन भन्ने कहानी आमाबुबाले सुनाउनु भएको थियो । आमाबुबाले सुनाउनु भएको घटना सत्य रहेछ भन्ने विषयमा सुन्तलीले प्रत्यक्ष अनुभव गरिन् । दशैंको टीकाको दिन सबै परिवारले नयाँ लुगा लगाएर टीका र जमरा आदान प्रदान गर्दै आशीर्वाद लिने र दिने कार्य सम्पन्न भयो । सुन्तलीले यस घटनालाई नजिकबाट नियालेर अध्ययन गरिरहेकी छिन् । यो घटनाले उनको हृदय छोएको छ । जापानका मानिसहरूमा इमानदारिताको विकास विद्यालयको बाल्यावस्थादेखि नै भएको हुन्छ । अरूको सामान कहीँ फेला परेमा आफूले लिनहुँदैन नजिकको पुलिस चौकीमा बुझाइ दिनुपर्छ भन्छन् । हिंसा, हत्या, ढाँट्नु, छल्नु र चोरी गर्नुहुँदैन र इमानदार हुनुपर्छ भन्ने भावना प्रत्येक जापानिज नागरिकमा विकास भएको हुन्छ । त्यसैले जापानलाई विश्वमा इमानदार र अहिंसाको देश भनेर चिनिन्छ ।

तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

- सुन्तलीले जापान जाने अवसर कहिले पाइन् र को सँग जापान गइन् ?

DRAFT

- सुन्तलीका आमाबुबा जापानमा के व्यवसाय गर्दछन् ?
- उनका आमाबुबाले सुन्तलीलाई के कस्ता घटना सुनाउने गरेका थिए ?
- सुन्तलीका आमाबुबाले लुगा किनेर कहाँ छाडेछन् ? उनीहरूले हराएको लुगा कहिले कसरी पाए ?
- उनले यो घटनाबाट के शिक्षा पाइन् ?

**क्रियाकलाप : २**

कण्ठ दुर्गम गाउँको माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययन गर्दछन् । उनी प्रार्थनाको समयमा आफ्ना कक्षाका सबै विद्यार्थीलाई पङ्क्तिमा मिलाई आफू पछाडि उभिन्छन् । सबै साथीलाई कक्षामा प्रवेश गराई आफु अन्तिममा प्रवेश गर्दछन् । एक दिन प्रार्थना सकेर सबै साथीहरू कक्षामा प्रवेश गरे । उनी सबैभन्दा पछाडि थिए । उनले कक्षाकोठाबाहिर सुनको सिक्री फेला पारे । दाँया बाँया हेरे कसैलाई देखेनन् । त्यो सुनको सिक्री मैले प्राङ्गणमा पाएको भनेर कण्ठले कक्षा शिक्षक गुरुआमालाई बुझाए । कक्षामा प्रवेश गरी गुरुआमाले तिमीहरू कसैको केही सामान हराएको छ ? भन्दा कोही कसैले मेरो सामान हराएको छ भनेन ।

गुरुआमाले सुनको सिक्री विद्यालयका प्रधानाध्यापकलाई बुझाउनु भयो । त्यही कक्षामा अध्ययन गर्ने शशी घरमा पुगेर कपडा फेर्दा आफ्नो सिक्री हराएको थाहा पाइन् । उनलाई रातभर निन्द्रा लागेन सिक्री हराएको चिन्ताले सतायो । भोलिपल्ट विद्यालय पुगेर उनले आफ्नो सिक्री हराएको जानकारी गुरुआमालाई गराइन् । गुरु आमाले सिक्री प्रधानाध्यापकलाई बुझाइसक्नु भएको थियो । प्रधानाध्यापकले प्रार्थनाको समयमा आफैँ उपस्थित भएर कण्ठले विद्यालय प्राङगणमा पाएको सिक्री शशीको भएको व्यहोरा अवगत गराउनु भयो । कण्ठ यस विद्यालयका अनुशासित र इमानदार विद्यार्थी हुन् । सिक्री शशीलाई हस्तान्तरण गर्दै कण्ठलाई अनुशासन र इमानदारिताको प्रमाण पत्र प्रदान गर्नुभयो । यस विद्यालयका सबै विद्यार्थीलाई कण्ठ जस्तै अनुशासित र इमानदार बन्न पनि आग्रह गर्नुभयो । कण्ठ विद्यालयमा मात्र होइन गाउँ घरमा पनि असल अनुशासित, इमानदार र पथ प्रदर्शक विद्यार्थीका रूपमा चिनिन्छन् ।

तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

- कण्ठले विद्यालयको प्राङ्गणमा कसको के सामान पाएका थिए ?
- शशीलाई किन रातभरी निद्रा लागेन ? विद्यालय पुगेर गुरुआमालाई के भनिन् ?
- कण्ठलाई प्रधानाध्यापकले के पुरस्कार दिनुभयो ?
- प्रधानाध्यापकले विद्यार्थीसँग के आग्रह गर्नुभयो ?
- तिम्रो कक्षाका कण्ठ जस्तै अनुशासित र इमानदार विद्यार्थीको सूची तयार गरी कक्षामा प्रस्तुत गर ।

**क्रियाकलाप : ३**

- ➢ शिक्षकले विदयार्थीहरूलाई आफ्ना समुदायमा भएका इमानदार व्यक्तिहरूको सूची तयार गर्न लगाई उनीहरूमा भएका विशेष गुणहरूको चार्ट तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

DRAFT

- बलभद्र कुंवर र अमरसिंह थापामा भएको इमानदारितालाई चार्ट बनाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सममा भएका इमानदारितालाई चार्टमा उतारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप : ४**

पाठ्यपुस्तकमा दिइएको पाठलाई कक्षाका विद्यार्थीलाई विभिन्न पात्र बनाई पढ्न लगाउनुहोस् । उपयुक्त हाउभाउसहित पढ्ने विद्यार्थीलाई स्यावासी दिनुहोस् ।

## ५. मूल्याङ्कन

- सुन्तलीले जापानबाट पाप्त गरेको शिक्षालाई एक अनुच्छेदमा लेख ।
- कण्ठजस्ता इमानदार विद्यार्थीलाई तपाईं के सल्लाह र सुझाव दिनुहुन्छ ?
- नेपालमा पनि जापानका जस्तै इमानदार व्यापारी तयार गर्न कसरी के गरे सकिन्छ ?
- तपाईंको समुदायमा भएका इमानदार व्यक्तिहरूको इमन्दारिताका गुणहरूहरूको सङ्कलन गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

६. **गृहकार्य :** पाठ्यपुस्तकमा दिइएका अभ्यास गर्न लगाई आवश्यक पृष्ठपोष दिनुहोस् ।.

DRAFT

एकाइ : तिन नागरिक कर्तव्य र दायित्ब

पाठ : एक

# हाम्रो अधिकार

**१. उद्देश्य/सिकाइ उपलब्धि** अनुमानित घन्टी : ५

| पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य | पाठ्यक्रम र पाठ्यपुस्तकका आधारका सिकाइ उपलब्धिहरू |
|---|---|
| • असल नागरिकका गुणहरू वताउन र व्यवहारमा उतार्न | • असल नागरिकको परिचय दिन र विशेषता बताउन<br>• असल नागरिकका रूपमा प्रस्तुत हुन |

**२. पाठ परिचय**

प्रत्येक नागरिकले आफ्नो अधिकारको प्रयोग गर्दा दायित्बलाई पनि ख्याल गर्नुपर्दछ भन्ने विषयलाई कदापि भुल्नु हुँदैन । सबै मानिसहरू आफ्नो अधिकार खोजिरहेका हुन्छन् । अधिकारको खोजी गर्दा कर्तव्य पालना भएको छ, छैन भन्ने विषयमा लेखाजोखा गरेको पाइँदैन । राष्ट्रका नागरिकले के गर्नुहुन्छ र के गर्नु हुँदैन भन्ने विषयमा विद्यालयको आधारभूत तहमा नै नैतिक शिक्षा दिनु आवश्यकपर्दछ ।

आधारभूत तहमा जुन किसिमको नागरिकको अधिकार, कर्तव्य र दायित्त्बको विषयमा चर्चा परिचर्चा हुन्छ, त्यसले अवश्य पनि समुदायमा प्रभाव पारेको हुन्छ । शिक्षण संस्थामा अध्ययन गर्ने विद्यार्थीले आफ्नो अधिकार खोजिरहेको हुन्छ तर आफूले पालना गर्नुपर्ने कर्तव्य र दायित्त्बको विषयमा कुनै चासो देखाएको पाईंदैन । प्रत्येक नागरिकले अधिकार खोजिरहँदा कर्तव्य र दायित्त्ब पनि वहन गर्नुपर्छ भन्ने विषयमा पूर्ण ज्ञान भएको हुनुपर्दछ । जसको परिणाम राज्यमा डर, त्रास हत्या र हिंसाको अन्त्य भई शान्ति कायम हुन सक्छ ।

**३. शैक्षणिक सामग्री**

- असल नागरिकका तस्बीरहरू र विवरण जसले समाज र राज्यमा ठुलो योगदान पुऱ्याएको छ ।
- अधिकार र कर्तव्यबीचको सम्बन्ध उल्लेख भएको चार्ट
- कर्तव्य परायण असल नागरिकमा पाइएका विशेष गुणहरूको सूची
- अधिकार र कर्तव्य पालना गर्ने असल नागरिकले समाज र राज्यबाट प्राप्त गरेका सम्मान र प्रतिष्ठाहरू

**४. सिकाइ सहजीकरण क्रियाकलाप**

कक्षाका विद्र्यार्थीहरूलाई तिन समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई तालिकामा प्रस्तुत शीर्षकमध्ये एउटा समूहलाई एउटा शीर्षक दिनुहोस् । प्रत्येक शीर्षक अन्तर्गत पर्ने उदाहरणका लागि दिएका विषयहरू जस्तै भर्न लगाई समूह नेतालाई प्रस्तुत गर्न लगाउनुहोस् ।

(शिक्षक प्रत्येक समूहको सहयोगीका रूपमा रहनु हुने छ ।)

**शीर्षकहरू**

| | |
|---|---|
| १. कर्तव्यनिष्ठ | जस्तै : सानालाई माया र ठूलालाई अदार गर्ने । |
| २. अनुशाशित | जस्तै : नियम पालना गर्ने । |
| ३. जिम्मेवार | जस्तै : उत्तरदायित्व वहन गर्ने । |

प्रत्येक समूह नेताले गरेको प्रस्तुतिलाई अन्य समहुका साथीहरूबाट समिक्षा गर्ने अवसर दिनुहोस् ।

**क्रियाकलाप १**

शिक्षकले शीर्षकसँग सम्बन्धित निम्न रोचक घटना प्रस्तुत गर्नुहोस् :

DRAFT

छन्तु कक्षा सातमा अध्ययन गर्दछन् । उनका बुबा छलाङ प्राथमिक विद्यालयका प्रधानाध्यापक हुन् । छलाङ जिल्ला शिक्षा कार्यालयमा विद्यालयको चौमासिक निकासा लिन गएका थिए । आफ्ना बाबुसँगै छन्तु पनि पछि लागे । शिक्षा कार्यालयको ढोकामा राता अक्षरले लेखेको ठुलो नागरिक बडापत्र देखे र त्यहीँ रोकिए । छन्तुले बडापत्र शिर पुछार अध्ययन गर्न थाले । छलाङ आफ्नो काम गर्न लेखा शाखामा पुगे । लेखा शाखामा कोही नभेटिए पछि बाहिर आए । छन्तु नागरिक बढा पत्रमा लेखिएका विषयहरू पढ्दै थिए ।

बुवा आजको कार्यालयको काम सकियो ? बुवाले भन्नुभयो आज काम भएन भोलि आउनु पर्नेभयो । हेर्नुहोस् न यहाँ बडा पत्रमा त आजको काम आजै गर्नु भोलि नभन्नु भनेको छ नि ? किन काम भएन बुवा आज ? लेखापाल कार्यालय आउनु भएको रहेनछ । त्यसै कारण आज काम भएन । बाबु छोराको छलफल भएको कार्यालय प्रमुख जि.शि.अ.ले हेरिरहेका र सुनिरहेका थिए । उनले सहायकलाई बोलाएर प्रधानाध्यापक के भन्दै हुनुहुन्छ ? यहाँ वोलाऊ त भने ! छलाङका बाबु छोरासँगै जि.शि.अ.को कार्य कक्षमा गए । जि.शि.अ.ले भने, के कामले आउनु भएको थियो ? छलाङले भने, विद्यालयको चौमासिक निकासा लिन आएको थिएँ । जि.शि.अ.ले भने तपाईंको कामभयो त ? छलाङले भने, भएन । जि.शि.अ.ले फेरि सोधे, किन काम भएन ? लेखा प्रमुख आउनु भएको छैन । लेखा शाखामा कोही छ , छैन ? हेर्नुहोस् त ! कोही हुनुहुन्छ, छलाङले भने । जि.शि.अ. कार्य कक्षबाट उठे र लेखाका कर्मचारीलाई भने छलाङ सरको चौमासिक निकासा भएको छ, होइन ? कर्मचारीले भने, हो सर निकासा भएको छ ।

छलाङका बाबुछोरा जिल्ला शिक्षा अधिकारीलाई धन्यवाद दिएर कार्यालयबाहिर निस्किए । यस्तै सजिलोसँग प्रत्येक कार्यालयबाट काम हुने भए त नेपाल पनि छिट्टै विकास हुने थियो होला ! छन्तुले भने सबै कार्यालयबाट काम सजिलोसँग हुँदैन बुबा ? हुन्छ बाबु, केही काम परेर होला लेखापालसँग भेट भएन । सधैं त कहाँ यस्तो हुन्छ र । नागरिक बडापत्रमा लेखेअनुसार समयमा काम हुने र शिक्षकको आचार संहितामा उल्लेख भएअनुसार शिक्षण सिकाइ हुनुपर्छ अनिमात्र नेपाल विश्वका विकसित मुलुकको दाँजोमा पुगिसक्ने थियो । नागरिकलाई सेवा दिन वसेका कर्मचारीले सेवा नगरेर पनि हुन्छ बुबा ? नेपालका मानिसहरू वेरोजगार भयौ, जागिर पाउनु पऱ्यो भनेर

अधिकारका लागि नारा लगाउँछन् । तर जागिर पाए पछि आफ्नो कर्तव्य र दायित्ब अनुरुप कसै कसैले काम नगर्दा नागरिकले दुःख पाउँछन् । नागरिक बडा पत्रमा लेखिएका नागरिक अधिकारको कार्यान्वयन भए नेपालका नागरिकको काम समयमा भएर धेरै सुखी हुने थिए ।

- प्रशनको उत्तर दिनुहोस् :

(क) के कामले छलाङ जिल्ला शिक्षा कार्यालय गएका थिए ?

(ख) छन्तुले शिक्षा कार्यालयको ढोकाको ठुलो पाटीमा के लेखेको देखे ?

(ग) जिल्ला शिक्षा अधिकारीले छलाङलाई कसरी सहयोग गरे ?

(घ) के गर्दा नेपालको विकास होला र नेपालका सबै साधारण नागरिकले सुख पाउलान् ?

**क्रियाकलाप २**

नगरपालिका, खाने पानी र स्वास्थ्य चौकीबाट नागरिकले पाउनुपर्ने सुविधाको छुट्टा छुट्टै सूची तयार गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाई मूल्याङ्कन गर्ने अवसर विद्यार्थीहरूलाई नै दिनुहोस् ।

**क्रियाकलाप ३**

असल नागरिकको विशेष गुणहरूका सूची टाँस गर्नुहोस् र विद्यार्थीहरूलाइ अध्ययन गर्ने समय  दिनुहोस् । आफ्नो घर, टोल, छिमेकका मानिसहरूले भोग्नु परेका विविध समस्यामूलक घटनाहरू र समस्याहरूको सूचना सङ्कलन गरी विद्यार्थीहरूबाट नै प्रतिबेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्ने अवसर दिने ।

**क्रियाकलाप ४**

आफ्नो जिल्लाका विभिन्न कार्यालयहरूमा  राखिएका नागरिक बडापत्रमा उल्लेख भएका सूचनाहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस्  । उक्त नागरिक बडापत्रमा उल्लेख भएका सेवा सुविधाहरू नागरिकले के कति मात्रामा उपयोग गर्न पाएका छन् ? चार्टमा प्रस्तुत गर्न लगाउनुहोस् ।

**५. मूल्याङकन**

तलका प्रश्नहरू सोध्नुहोस् :

(क)  अधिकार, कर्तव्य र दायित्बमा के के भिन्नता छन् ?

(ख) नागरिक बडापत्रमा उल्लेख भएका कुनै पाँच ओटा सेवाहरूको सूची तयार गर्नुहोस् ।

(ग) नागरिकले धेरैभन्दा धेरै सेवा पाउने कार्यालयहरू कुन कुन हुन् ? तिनको सूची तयार गर्न लगाउनुहोस्  ।

(घ)  विद्यार्थीले पालना गर्नुपर्ने आचार संहिताका कुनै चार ओटा वुंदा लेख्नुहोस् ।

(ङ)  बाल अधिकारका कुनै पाँच ओटा बुँदा लेखी विश्लेषण गर्नुहोस् ।

DRAFT

## ६. परियोजना कार्य

विद्यार्थीको समुदायमा महिला, बालवालिकाहरू के कस्ता अधिकारवाट वञ्चित भएका छन् ? खोजि गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

DRAFT

## पाठ : दुई

# नैतिक दायित्व

**१. उद्देश्य /सिकाइ उपलब्धि** अनुमानित घन्टी : ५

| पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू | पाठ्यक्रम र पाठ्यपुस्तकको आधारमा सिकाइ उपलब्धि |
|---|---|
| नैतिक दायित्व वहन गर्न । | • घर, परिवार र विद्यालयमा आफ्नो कर्तव्य पालन गर्ने<br>• आफ्नो काम जिम्मेवारीपूर्ण वहन गर्ने<br>• सत्य र न्यायको पक्षमा वकालत गर्ने |

## २. पाठ परिचय

विद्यालयको आधारभुत तहमा अध्ययन गर्ने बालबालिकाहरूलाई नयाँ विषय वस्तु सिक्ने तीव्र इच्छा हुन्छ । सिकाइका क्रममा घर, परिवार, विद्यालय र समुदायबाट असल र राम्रा कुरा मात्र सिकेका हुन्छन् भन्न सकिंदैन । यस उमेरका बालबालिका बढी चञ्चल स्वभावका हुन्छन् । अरूको नक्कल र अभिनय गर्न मन पराउँछन् । असल र राम्रो कुरा सिक्न धेरै समय लाग्छ । तर खराब र नराम्रा कुरा छिटो सिक्दछन् । तसर्थ बालबालिकालाई जिम्मेवार, कर्तव्य परायण र इमानदार तुल्याउनु पर्ने हुन्छ । यस किसिमको असल बानीको विकास गराउन सबैं प्रथम बालकमा परिपक्वता आउनुपर्छ । जब बालक परिपक्व हुन्छ तब मात्र उसले आफ्नो जिम्मेवारी प्रत्येक वहन गर्न सक्छ ।

DRAFT

खराब पारिवारिक वातावरण र गैर जिम्मेवार साथीको सङ्गतबाट यस उमेरका बालबालिकाको भविष्य अन्धकारमय हुन सक्छ । तसर्थ अस्थिर र चञ्चल स्वभावका बालबालिकाको भविष्य सुनिश्चितका लागि पनि समयमानै असल निर्देशकको आवश्यकतापर्दछ । असल निर्देशकको परामर्शबाट बालबालिकामा परिपक्वता, जिम्मेवार, उत्तरदायित्व वहन गर्ने क्षमता विकास भएको हुन्छ । जसको परिणम बालकहरूमा आफूले गरेको काममा गल्ती भएको हुँदैन र भएमा ज्यादै नगन्य मात्र हुन्छ । परिपक्व बालबालिकाले आफ्नो कामप्रति पूर्ण जिम्मेवारीका साथ इमानदारिता प्रदर्शन गरेका हुन्छन् ।

## ३. शैक्षणिक सामग्री

शिक्षण सिकाइको अवसर विषय शीर्षकको स्वभाव अनुसार उपयुक्त स्थानमा उपयुक्त सामग्री प्रस्तुत गर्नुपर्छ । सामाग्रीहरू सकभर स्थानीय क्षेत्रमा पाइने र कम मूल्य पर्ने हुनुपर्छ । शिक्षकको सहयोगमा विद्यार्थीले निर्माण गरेको हुनुपर्छ ।

- नैतिक दायित्वको चार्ट र नैतिक दायित्ववहन गर्ने असल विद्यार्थीहरूमा विकास भएका गुणहरूको सूची
- विश्वका असल चर्चित व्यक्तित्वहरूका फोटाहरू

- नेपाल र विश्वका चर्चित व्यक्तित्वहरूले गरेका असल कामहरूको छुट्टा छुट्टै सूची

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १**

शिक्षक कक्षामा प्रवेश गर्दा विद्यार्थीहरूले शिक्षकलाई अविवादन गर्दछन् । शिक्षकले प्रत्येक विद्यार्थीलाई आ.आफ्नो पारिवारिक विवरण लेखी प्रस्तुत गर्न निर्देशन दिन्छन् । परिवारका प्रत्येक सदस्यको आफ्नो परिवार प्रतिको दायित्व र जिम्मेवार सम्बन्धी सङ्कलित सूचना तालिकामा उल्लेख गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

| सदस्यहरू | हजुर आमा | हजुर बुबा | आमा | बुबा | काकी | काका | दिदी | दाइ | भाइ | बहिनी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| दायित्व र जिम्मेवारी | | | | | | | | | | |

विद्यार्थीले प्रस्तुत गरेको विषयवस्तुका सम्बन्धमा विद्यार्थीहरूलाई नै समिक्षा गर्न लगाउनुहोस् र आवश्यक सुझावहरू तालिकामा समावेस गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप २**

तपाईंले शिक्षण गर्ने कक्षाका विद्यार्थीलाई घर, परिवार र समुदायमा निभाउनु पर्ने दायित्यलाई छुट्टा छुट्टै चार्ट वनाई प्रस्तुत गर्न निर्देशन दिनुहोस् र मूल्याङ्कन गर्न पनि विद्यार्थीलाई नै लगाउनु होस् ।

**क्रियाकलाप ३**

तपाईंको समुदायका गाविस, नगरपालिका, विद्यालय, स्वास्थ्य चौकी, खानेपानी र विद्युत कार्यालयको दायित्व उल्लेख गर्न लगाई कक्षामा प्रस्तुत गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ४**

कुलवीरले खाडी मुलुकबाट आफ्नो दायित्व सम्झेर काम गर्न श्रीमती र छोराछोरीलाई सम्झाउँदै लेखेको पत्र शिक्षकले कक्षाका एकज ना विद्यार्थीलाई पढेर सुनाउन निर्देशन दिनुहोस् ।

पत्रको विवरण यस प्रकार छ ।

प्यारा छोरा, छोरी र श्रीमतीमा आशीर्वाद,

आराम छु । आराम चाहन्छु । मैले आफ्नो दायित्व खाडीमा बसेर पूरा गरिरहेको छु । तिमीहरूले पनि नेपालमा बसेर आफ्नो दायित्व पूरा गरेका छौं होला भन्ने विश्वास गरेको छु ।

म तिमी छोराछोरीहरूलाई शिक्षा दिक्षा दिन र घर खर्च चलाउन खर्च जुटाउन खाडी मुलुक आएको हुँ । छोरा कमान, तिमी कक्षा सातमा र छोरी कुन्ती कक्षा छ मा अध्ययन गर्दैछौं । राम्ररी पढ्नू । श्रीमती कान्ती, तिमीले पनि छोराछोरीहरूको पढाइ लेखाइ र बानी व्यवहार सुधार्न विशेष ध्यान दिनू । हुन त तिमी व्यसैमा यस्त छ्यौ

DRAFT

भन्ने मलाई थाहा छ। तर पनि हामी दुबै जना शिक्षाका हकमा साक्षर मात्र भएकोले अलि बढी नै सचेत हुनुपर्छ। हामीले मौकामा शिक्षा आर्जन गर्न नपाएको पिडा बिर्सनु हुन्न। छोराछोरीलाई राम्रो शिक्षा दिने र असल र ठुलो मान्छे बन्न सहयोग गर्ने जुन प्रण हामीले गरेका छौं, त्यसलाई साकार पार्न म आफ्नो तर्फबाट दिलो ज्यानले लागेको छु । आशा छ यो कुरालाई तिमीहरू पनि राम्ररी बुझ्दछौ।

अहिले म तिमीहरूको लागि खाडीको प्रचण्ड गर्मी र तातो हावा खाइरहेको छु। जति गर्मी भए पनि मैले काम गर्नै पर्छ। यो मेरो खटाइ तिमीहरूको पालन पोषण र शिक्षा दिक्षाको लागि नै हो। यो मेरो दायित्व भित्र पनिपर्दछ। यदि मैले दु:ख गरेर पनि आय आर्जन गर्न सकिन भने तिमीहरूले पनि मैले जस्तै दु:ख र पिडा भोग्नु पर्ने हुन्छ। जति दु:ख कष्ट र परिसानी भोग्नु परे पनि तिमीहरूलाई शिक्षा दिलाउनु मेरो दायित्व हो। म मेरो दायित्त्व पूरा गरेरै छाड्छु ।

तिमीहरूले राम्रो शिक्षा आर्जन गरी असल र ठुलो मान्छे भएको अवस्थामा मैले खाडीमा भोगेको दु:ख कष्ट सबै विर्सनेछु। त्यतिबेला मलाई प्रचण्ड गर्मी सहेर खाडी मुलुकबाट आर्जन गरेको सम्पतिको सही सदुपयोग भएको महसुस हुने छ। समयमा खुवाउने पियाउने गरी कपी, कलम, पुस्तक र खाजा दिएर विद्यालय पठाउनु आमाको दायित्व हो। धेरै पढेर असल, अनुशासित र शिक्षित भएर व्यक्तित्व विकास गरी ठुलो मान्छे हुने तिमीहरूको दायित्य भित्रपर्दछ। यसरी हामी सबैले आफ्नो दायित्व पूरा गरेको अवस्थामा हाम्रो परिवारको इच्छा र आकाँक्षा पूरा हुने छ। राज्यले कुशल सक्षम उत्पादन मूलक नागरिक पाउने छ। अहिलेलाई यति।

तिमीहरूको प्यारो

कुलवीर

विद्यार्थीहरूलाई यी प्रश्नहरू सोधी उत्तर भन्न लगाउनुहोस् :

- कुलवीर के उद्देश्यले खाडी मुलुक गएका थिए ?
- कुलवीर र कान्ति केबाट पीडित छन् ?
- कमान र कुन्तिको दायित्व के के हुन ?
- कुलवीरले खाडी मुलुकमा भोग्नु परेको दु:ख, कष्ट र पिडाको सूची तयार गर्न लगाउनुहोस्।
- कुलवीर र कान्तिले आफ्ना छोराछोरीको भविश्यको सपना कस्तो देखेका छन् ?

**क्रियाकलाप ५**

तपाईंको समुदायका अविभावकको विवरण सङ्कलन गर्न विद्यार्थीहरूलाई सहयोग गर्नुहोस् । जुन अभिभावकले बालबालिकालाई पूर्ण शिक्षित तुल्याउनु आफ्नो दायित्व महसुस गरेका छन् तिनको विवरणसहित कक्षामा प्रस्तुत गर्न लगाउनुहोस्।

**क्रियाकलाप ६**

तपाईंले शिक्षण गर्ने कक्षा सातका विद्यार्थीले आफूले पूरा गर्नुपर्ने दायित्वलाई सूचीबद्ध गर्न सहयोग गर्नुहोस् । सङ्कलित दायित्वलाई विद्यार्थीले के कति मात्रामा पूरा गर्न सकेका छन् र कति पूरा गर्न असमर्थ छन् ? विवरण तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन

तलका जस्तै प्रश्नहरू बनाई उत्तर खोज्नुहोस् :

- परिवारका प्रत्येक सदस्यहरूले के के दायित्व पूरा गरेका छन् ?
- विद्यालयका प्रत्येक सरोकारवालाहरूको के कस्तो दायित्व रहेको हुन्छ ?
- विद्यार्थीको दायित्व के हो ?

## ६. गृहकार्य

- तपाईंको विद्यालयका शिक्षकले गत वर्षको वार्षिक उत्सवमा के कस्तो भूमिका निर्वाह गरेर दायित्व पूरा गर्नु भएको थियो ? प्रत्येक शिक्षकले पूरा गरेको दायित्व छुट्टा छुट्टै प्रस्तुत गर्नुहोस् ।
- कुलवीर जस्तै खाडी मुलुकमा काम गरेर आफ्ना सन्तानलाई शिक्षित बनाउन चाहने तिम्रो बस्तीका व्यक्तिहरूको विवरण सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- "शिक्षा आर्जन गरी असल र दक्ष नागरिक बन्नु प्रत्येक बालबालिकाको दायित्व हो ।" यस भनाइलाई पुष्टि गर्न एक अनुच्छेद लेख्नुहोस् ।

DRAFT

## पाठ तिन

# बुबाको अर्ती

## १. उद्देश्य/सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू | पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा सिकाइ उपलब्धि |
| --- | --- |
| नैतिक दायित्व प्रति सचेत रही  व्यवहार गर्न | • सत्य र न्यायको पहिचान गरी व्यवहार गर्न<br>• सत्य र न्यायको पक्ष लिएर बहस गर्न<br>• सत्य र न्यायलाई व्यवहारमा उतार्न सहयोग गर्न |

## २. पाठ परिचय

मानिस सामाजिक प्राणि हो । उ समाजमा जन्मन्छ, बढ्छ र उमेरअनुसार घर परिवार र छर छिमेकबाट शिक्षा दिक्षा पाइरहेको हुन्छ । समाजमा विभिन्न उमेर समूहका मानिसहरू हुन्छन् । ठुला, साना, धनी, गरिव, अपाङ्ग,सपाङ्ग, शिक्षित र अशिक्षित रहेका हुन्छन् । जसले जहाँ जसरी जीवन निर्वाह गरेका भए पनि समुदायमा उसको समान अस्तित्व रहेको  हुन्छ । समुदायको विकास निर्माणका साथै राष्ट्रिय श्रोत र साधनको उपयोग गर्नुपर्दा विना भेदभाव समान व्यवहार गनुपर्दछ ।

घर, परिवार, छर छिमेक र समुदायका प्रत्येक सदस्यलाई समान व्यवहार गर्नुपर्दछ । उचित सम्मान र मान मर्यादा पनि गर्नुपर्दछ । परिवारका सबै सदस्यहरूमा समान व्यवहार र सम्बोधन गर्नु पर्दा आवश्यकताअनुसारका शब्द चयन गर्नुपर्ने हुन्छ ।  आफूभन्दा ठूला मान्य जनसँग कुरा गर्नु पर्दा आदरार्थी शब्द प्रयोग गरिन्छ । आफ्ना समान उमेर समूहका परिचित ज्यादै घनिष्ट साथीसँग कुरा गर्नुपर्दा सामान्य शब्दहरूको प्रयोग गरिन्छ । तर अपरिचित व्यक्तिहरूसँग कुरा गर्नु पर्दा पनि आदरार्थी  शब्दको प्रयोग गरिन्छ । यस किसिमको व्यवहार बालबालिकाहरूले घर परिवार र विद्यालयबाट नै सिक्नुपर्दछ । बालबालिका विद्यालयमा काँचो माटोका रूपमा प्रवेश गरेका हुन्छन् । उनीहरूलाई परिपक्व र उपयोगी बनाउने काम विद्यालयले गरेको हुन्छ ।

## ३. विषयवस्तु

१. समान व्यवहार र सदभाव गर्नु

२. सामाजिक नियमको पालना गर्नु

३. मानिस विद्वान हुँदैमा वुद्धिमान् हुँदैनन्

४. मानिसलाई आफ्नो बानी व्यवहारमा सुधार गर्ने  अवसर दिनुपर्छ ।

५. आचरणमा रहनु

६. प्रेमले शान्ति र घृणाले हिंसा जन्माउँछ ।

७. मानिस कोही पनि सानो ठुलो हुँदैन  ।

DRAFT

८. अरूको हानी नोक्सानी हुनेकाम नगर्नु         ९. आफूलाई दिइएको निम्वेवारी पूरा गर्नु

१०. दीन दुःखी, बृद्धा र अपाङग भएकालाई सहयोग गर्नु ।

११. सेवा नै धर्म हो भन्ने संझेर कामगर्नु

१२. प्राणी मात्रलाई समान व्यवहार गर्नु         १३. प्रकृति प्रेमी बन्नु

१४. प्राकृतिक र साँस्कृतिक संरक्षणमा एकता कायम गर्नु

१५. हिंसा, हत्या र अमानवीय व्यवहारको निन्दा नगर्नु

## ४. शैक्षणिक सामग्री

- नेपालको हिमाल, पहाड र तराईका पूराना वस्तीका चित्रहरू
- सानो परिवार, संयुक्त परिवार, बृहत्तर ठुलो परिवारका नमुना पोस्टर चित्रहरू
- घटना पत्र
- विशिष्ठ व्यक्तित्वहरूको प्रवचन, कथा, कविता, जीवनी  र लेख रचना
- राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको फोटो चित्र आदि ।

## ५. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप न. १**

शिक्षकले प्रत्येक विद्यार्थीलाई आ.आफ्नो पारिवारका मूली मान्छेले दिएको एउटा / एउटा अर्ती बताउन निर्देशन दिनुहोस् । सबै विद्यार्थीले प्रस्तुत गरेका  विषयहरू बोर्डमा टिपोट गर्नुहोस् र  छलफल गराउनुहोस् ।

**क्रियाकलाप न. २**

शिक्षकले तराईदेखि हिमाल र मेचीदेखि महाकाली पारीसम्म बसोवास गर्ने सम्पूर्ण मानिसहरूको अनुहार नक्सामा देखिएका नेपालको ठुलो नक्सा प्रस्तुत गर्नुहोस् र तलका प्रश्न गर्नुहोस् ।

- कुन कुन जातका मानिस कहाँ कहाँ बसेका छन् ?
- किन नेपाललाई विभिन्न जातजातिको फुलवारी भनिएको हो ?

यहाँका विविध जातजातिहरू आआफ्नो धर्म र सांस्कृतिक आनन्दमा रमाइरहेका छन् । एक आपसको सहयोग र सद्भावले निरन्तरता पाएको छ । नेपालको यही सन्देश विश्वमा छाएको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपाल १२५ जात र १२३ मानिसहरू बोल्ने साझा फूलबारी हो ।

**क्रियाकलाप न. ३.**

DRAFT

**तलको घटना सुनाउनुहोस् :**

मिठु अहिले कक्षा सातमा अध्ययन गर्दछिन् । शिक्षकले उनलाई नेपालको विविधतामा कसरी एकता कायम भएको छ ? हजुरबुबाको सहयोगमा एउटा सुक्ष्म प्रतिबेदन तयार गर्नु भन्नु भएको रहेछ । शिक्षकले दिनुभएको प्रश्न उत्तर मिठुले हजुरबुबासँग सोधिन् । आफ्नी नातिनीको जिज्ञासालाई सम्बोधन गर्दै भन्नुभयो सुन मिठु तिम्रो प्रश्नको उत्तर । मिठुले अरू साथीहरूलाई पनि बोलाइन् । हजुरबुबाले नेपाल विविधतामा एकता कसरी भएको भन्ने विषयमा सुनाउनु भएको विवरण सबैले एक चित्त भएर सुन्न थाले । पहाडको थुम्कोमा होस् या नदी किनार वा नदीको घाँटीमा वा भित्री मधेस र तराइको मैदानमा होस्, नेपालमा विविध जातहरूको मिश्रित बस्ती छ । एउटै गाउँमा ब्राह्मण, क्षेत्री, मगर, नेवार, सुनार, चँदारा, लोहार, चमार, दमै, गाइने बसेका हुन्छन् । यी जातहरू पेसा र व्यवसायका आधारमा बनेका छन् ।

भित्री मधेस र तराईको अधिकांश मैदानी भूभागमा पनि यस किसिमका मिश्रित वस्तीहरू फैलिएका छन् । नेपालको जुनसुकै भूभागमा बसेर पनि नेपालीहरू आफ्नो जातले अपनाएको पेसा गरेर जीविकोपार्जन गर्छन् । मठ मन्दिरमा पूजापाठ गर्ने र पूराण भन्ने, नागरिकको सुरक्षा गर्ने, लुगा सिलाउने र पञ्चैबाजा बजाउने, सुन कमाउने, फलामको काम गर्ने, तामो कमाउने, काठका भाँडा बनाउने, छालाको काम गर्ने, सबै किसिमका मानिसहरू एउटै गाउँको समुदायमा बसेका हुन्छन् ।

हेर मिठु, सबै जात मिलेर गाउँ बनेको छ, गाउँ गाउँ मिलेर नेपाल राज्य बनेको छ । तसर्थ नेपाललाई विविध जातको फुलबारी भनिन्छ । नेपालमा बस्ने विविध जात र धर्म मान्ने मानिसहरू एक आपसमा मिलेर बसेका छन् । एक आपसमा सदभाव र सहयोगी भावनाको विकास भएको छ । आपत विपत्मा दु:ख र खुसियालीमा हर्ष व्यक्त गरेका हुन्छन् । यहा ठुलो, सानो धनी र गरिब बीचमा कुनै भेदभाव हुँदैन ।

निम्न प्रश्न गरी विद्यार्थीहरूलाई उत्तर दिन लगाउनुहोस् :

- शिक्षकले मिठुलाई के काम गर्न भन्नुभएको थियो ?
- नेपालमा कति जात र कति धर्म मान्ने मानिसहरू छन् ?
- नेपाली गाउँको जातीय संरचना कस्तो छ ?
- के का आधारमा नेपाली समाजको विविधतामा एकता भएको छ ?

**क्रियाकलाप न.४**

विद्यार्थीहरूलाई आफ्नो समुदायका सम्पूर्ण जातजातिको विवरण लिन लगाई उनिहरूको पुख्यौंली पेसा के हो ? कतिले त्यसलाई अँगाली राखेका छन् र कतिले पुख्यौंली पेसालाई छाडेर नयाँ पेसा अपनाएका छन् र किन ? प्रतिबेदन तयार गरी कक्षामा पस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप न. ५**

DRAFT

मठ, मन्दिर, धारा, कुवाको प्रयोगमा जातजातिबिच सिर्जना हुने गरेका विभेदी घटनाहरू पत्रपत्रिकाबाट सङ्कलन गरी यस्ता घटनाहरू सिर्जना हुनाका प्रमुख कारण र समाधानका उपायहरू समेत उल्लेख भएको प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप न. ६**

"सत्यको जित सुनिश्चित" भन्ने विषयमा वक्तृत्बकला प्रतियोगिता सञ्चालन गर्नुहोस् । यसमा आयोजक, सञ्चालक , निर्णायकको भूमिका पनि विद्यार्थीलाइ नै निभाउन प्रोत्साहित गराउनुहोस् ।

**क्रियाकलाप न.७**

तरकारी पसलेको व्यवसाय र लुगा सिलाउने व्यवसायमा के कस्ता समानता र भिन्नता पाइन्छ ? बुँदागत रूपमा विश्लेषण गरी विद्यार्थीहरूलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

६. **मूल्याङ्कन :**

**तलका प्रश्नहरू सोध्नुहोस् :**

- तिम्रो गाउँमा कुन कुन जात जाति र धर्म मान्ने मानिसहरू बसेका छन् ?
- नेपालका विभिन्न भौगोलिक प्रदेशका गाउँहरूको संरचनालाई चित्रमा प्रस्तुत गर्न लगाउनुहोस् ।
- तिम्रो समुदायमा के कति मठ मन्दिर, गुम्बा, चर्च, मस्जिद्लगायतका धार्मिक स्थलहरू छन् ? सम्पूर्ण धार्मिक स्थल विकास र निर्माणमा के कस्तो जनसहभागिता जुटेको पाइन्छ ? उललेख गर्नुहोस् ।
- नेपालका विभिन्न जाति र धर्मका बिचमा देखिएको सदभाव र सहिष्णुताले विश्वमा कस्तो सन्देश फैलिएको छ ?
- नेपालीमा समान अधिकार भेदभावरहित समान व्यवहार गर्न सहयोग गर्ने प्रमुख आधार पुर्ख्यौंली पेसा हो भन्ने विषयलाई पुष्टि गर्नुहोस् ।

**गृहकार्य**

विद्यार्थीलाई आफ्नो समुदायमा भएका असल इमानदार व्यक्तित्वहरूको सूची तयार गर्न लगाई उनीहरूले जीवनमा गरेका असल कामहरूको विवरण सङ्कलन गरी कक्षामा प्रस्तुत गर ।

DRAFT

**एकाइ : चार सामूहिक जीवन पद्धति र विविधता**

**पाठ : एक**

# शिक्षाको महत्व

## १. उद्देश्य/सिकाइ उपलब्धि

अनुमानित घन्टी ४

| पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू | पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा सिकाइ उपलब्धि |
| --- | --- |
| असल सामाजिक संस्कृति निर्माणमा सहयोग गर्ने | • सामाजिक शिष्टाचार पालना गर्ने ।<br>• व्यक्ति समुदाय र समाज बिचको पारस्परिक सम्बन्ध सुमधुर बनाउने |

## २. पाठ परिचय

समाज र राष्ट्रको विकास हुन सर्व प्रथम त्यस राष्ट्रका नागरिक शिक्षित हुनुपर्दछ । मानिस जन्मजात विद्वान् भएको हुँदैन । बालकलाई विद्वान महामानव बनाउने काम घर, परिवार ,समुदाय र राष्ट्रको हो । बालकको पहिलो विद्यालय घर परिवार हो । दोस्रो विद्यालय छर छिमेक र समुदाय हो । तेस्रो विद्यालयमा मात्र बालकले गुरुसँग शिक्षा लिन पुगेको हुन्छ । बालकलाई पाँच वर्ष सम्म माया गर्नु दश वर्ष पुगेपछि निर्देशन दिनु, सोह्र वर्ष पुगेपछि मित्र सरहको व्यवहार गर्नु नीतिले भनेको छ । बाल्यकालमा बालकको दिमागमा जे जस्ता विषयहरू भरिन्छन् , उसको भविष्य त्यसैमा सुनिश्चत भएको हुन्छ ।

साक्षर भएर शिक्षाआर्जन गर्न समर्थ व्यक्तिले सिपयुक्त शिक्षा लिन सकेको अवस्थामा उपयुक्त पेसा व्यवसाय छनोट गरी आय आर्जन गर्न सक्छ । तसर्थ मानिसको पहिलो काम भनेको गुणस्तरीय व्यवहारिक शिक्षा आर्जन गर्नु हो । शिक्षाआर्जन गरेको व्यक्ति नम्र असल स्वभावको हुन्छ । नम्र स्वभावको सिपयुक्त असल व्यक्तिले राम्रो काम पाउँछ । त्यसपछि उसको कामसँगै दाम पनि हुन्छ । दाम कमाएपछि मात्र सेवा, दान र धर्म गर्न सक्छ, भनिएको पनि छ :

'विद्याददाति विनया विनया ददाति पात्रत्बाम्, पात्रत्बा धनमाप्नोनि धनाधर्म तत सुखम् ।'

## ३. विषय वस्तु

शिक्षा विषय आफैँमा व्यापक छ । यस अन्तर्गत साक्षर हुनु, मानवताका गुणको विकास गर्नु, व्यवसायिक र प्राविधिक सिपको विकास गर्नु आदिपर्दछन् । शिक्षा मानिसले आर्जन गर्न सक्ने सबैभन्दा उत्तम मूल्यवान् सम्पत्ति हो । संस्कृतमा एउटा भनाइ छ : 'विद्याधनम् सर्बधनम् प्रधानम्' विद्या धन सबैभन्दा ठुलो धन हो । विद्यालाई चोरले चोर्न सक्दैन, सरकारले हरण गर्न सक्दैन, आगोले डढ्दैन, बोक्न भारी हुँदैन र दाजुभाइ बिचमा अंशबण्डा पनि लाग्दैन ।

DRAFT

भनिन्छ :  'विद्वान् सर्वत्र पूज्यत्ये'  विभिन्न पेसा व्यवसायमा संलग्न व्यक्तिहरूले आफ्नो देशमा जुन स्थान र मान पाएका हुन्छन्  । त्यो स्थान, मान र सान विदेशमा पाउन सकेका हुँदैनन् । तर  शिक्षाविद् वा विद्वान्ले जुन सुकै मुलुकमा गए पनि शैक्षिक विद्वताको कारणले स्थान, सम्मान र मान पाएको हुन्छ ।

अमेरिकामा शिक्षासम्बन्धी एउटा नारा छ : NO CHILD LEFT BEHIND 'बच्चालाई पछाडि पर्न नदिनुहोस्' । नेपाल 'सरकारको सबै बालबालिकालाई विद्यालय पठाऔँ' भन्ने नारा लाई साकार तुल्याउन प्रत्येक सचेत नागरिकले सकारात्मक भूमिका निभाएको अवस्थामा विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकाले पनि विद्यालय जाने अवसर पाउने थिए कि ? विकासको पहिलो पूर्वाधारको रूपमा शिक्षालाई नै लिने गरिन्छ । शिक्षाको विकासले नै अन्य पूर्वाधारलाई टेवा पुऱ्याएको हुन्छ ।

**४. शैक्षणिक सामग्री :**

- विश्वका शिक्षाविद र दार्शनिकहरूको तस्वीर फोटाहरू
- दार्शनिकहरूको भनाई उल्लेख भएको चार्ट
- संवाद
- शिक्षा संबन्धी कार्यक्रमको श्रव्य दृश्य सामाग्रीहरू

**५.  सिकाइ सहजीकरण क्रियाकलाप :**

**क्रियाकलाप १**

विद्यार्थीलाई तलको संवाद एक प्रति उपलब्ध गराउनुहोस् । एक जना विद्यार्थीलाई शिक्षक र अर्को एक जना लाइ शिक्षकको भूमिका अभिनय गर्न लगाउनुहोस् ।

(शिक्षक कक्षामा प्रवेस गरेर विद्यार्थीलाई अविवादन गर्नुहुन्छ । विद्यार्थीहरूले पनि शिक्षकलाई अविवादन गर्दछन् ।)

सबै विद्यार्थी : आज त सर ज्यादै खुसी देखिनु हुन्छ नि ?

शिक्षक : हो, ठीकै भन्यौ आज म ज्यादै खुसी छु । अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाउने दिन पनि नजिकै आउँदै छ । साक्षरताको अर्थ के हो, बुझेका छौं ?

विद्यार्थी : बुझेका छौं सर ! गत वर्ष पनि हामीले भव्य रूपमा मनाएका थियौं नि, होइन र, सर ?

शिक्षक : गत वर्ष तिमीहरूले के के कार्यक्रम गरेर अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाएका थियौ त, सम्झना छ त ?

विद्यार्थी : विभिन्न खेलकुंद र वादविवाद कार्यक्रम गरेर अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाएका थियौ नि सर ।

शिक्षक : अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाइ रहेका छौं तर निरक्षरता उन्मुलन हुन सकेको छैन, किन ?

विद्यार्थी : नेपालमा अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाउन सुरु गरेको कति वर्षभयो र अझै कति प्रतिशत मानिसहरू निरक्षर छन् त, थाहा छ त तिमीहरूलाई ?

शिक्षक : नेपालमा अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाउन सुरु गरेको ४७ वर्षभयो, तर नेपालमा अझै पनि ५ प्रतिशत बालबालिका विद्यालय जानबाट वञ्चित छन् र ३२ प्रतिशत प्रौढहरू निरक्षर नै छन् ।

विद्यार्थी : यस वर्षको साक्षरता दिवसमा के के कार्यक्रम गर्ने हो सर ?

शिक्षक : हाम्रो द्यिालयले 'शिक्षाको महत्व' विषयमा निबन्ध प्रतियोगिता गराउने निर्णय भएको छ ।

विद्यार्थी : निबन्ध प्रतियोगितामा ककसले भाग लिन पाउँछ त सर ?

शिक्षक : निबन्ध लेख्ने इच्छा र सिप भएका सबैले भाग लिन पाउँछौ । नाम लेखाऔ न ।

(निबन्ध प्रतियोगिता भाग लिन चाहने सबै विद्यार्थीले शिक्षकलाई नाम लेखाए । नौजना विद्यार्थीको नाम शिक्षकले लेख्नुभयो । तर त्यहाँ एक जना मात्र छात्रा थिइन् ।)

शिक्षक : यतिका छात्रहरूको सहभागितामा जनाउँदा छात्रा त एकजना मात्र पो परिछन् त ?

विद्यार्थी : अरूको निबन्ध लेख्ने सिप र क्षमता नभएर पो हो कि, सर ।

शिक्षक : लौ त भाइ बहिनीहरू ,अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा 'शिक्षाको महत्ब' विषयमा राम्रो निबन्ध लेख्नुहोस्, पुरष्कार जित्नुहोस्, यही मेरो शुभकामना छ ।

विद्यार्थी : हुन्छ सर हामी तयार छौं ।

**तलका प्रश्नहरू सोध्नुहोस् :**

- आज कक्षाकोठामा प्रवेश गर्दा शिक्षक किन खुसी हुनु भएको रहेछ ?
- अन्तराष्ट्रिय शिक्षा दिवस कहिले मनाउने गरिएको छ ?
- निरक्षर उन्मुलन गर्नु भनेको के हो ?
- यस वर्षको साक्षरता दिवस के के कार्यक्रम गरेर मनाईंदै छ ?

**क्रियाकलाप २**

**तलको घटना सुनाउनुहोस् :**

२०६८ वैशाख १७ गतेको घटना हो । दुर्गम गाउँबाट मङ्गली नाम गरेकी एउटी युवती स्वास्थ्य परीक्षणका लागि अस्पताल आएकी रहिछिन् । अस्पतालका कर्मचारीले मङ्गलीको नाम बोलाए । तिन नम्बर कोठाका चिकित्सककामा जानुहोस् भने । दायाँ वायाँ हेर्दै धेरै पर पुगिन् तर कोठा पहिल्याउन सकिनन् । त्यहीँ आएर फेरि सोधिन् कुन कोठामा जाने ? कर्मचारीले फेरि भने तिन नम्बर कोठामा जानुहोस् । यता उता हेर्दै गइन् । धेरै पर पुगिन् तर कोठा देखिनन् । फेरि पनि कर्मचारीसँग भनिन् कोठा फेला पारीनन् । कर्मचारीले ठुलो स्वरमा भने तिन नम्बर कोठामा जानुहोस् भनेको ।

DRAFT

लेखकले मङ्गली र कर्मचारी बिचमा भएका क्रियाकलाप हेरिरहेका थिए । मङ्गली  तिन नम्बर कोठा वरिपरि घुमिरहेकी थिइन् किन कोठा देखिनन्, भन्ने विषयमा लेखकले धेरै सोच विचार गरे । निर्णय गरे मङ्गलीले पक्का पनि अङ्क र अक्षर चिनेकी छैनन् । उनले सोध खोज गरे । मङ्गलीले  भनिन् मैले पढेको छैन, अङ्क अक्षर केही पनि चिनेको छैन । लेखकले तिन नम्बर कोठामा लगेर तपाईंलाई परीक्षण गर्ने चिकित्सक यहीं हुनु हुन्छ भनेर परिचय गराए । उनले लेखकको सहयोगलाई धन्यवाद दिइन् र नपढेर यस्तो धेरै दुःख कष्ट भोग्नु परेको कुरा भनिन् । यस किसिमका दुःख र कष्ट गाउँका धेरै मानिसहरूले भोगिरहेका छन् । अब म प्रौढ शिक्षा पढेर साक्षर बन्छु र म जस्तै अरू गाउँका निरक्षर मानिसहरूलाई पनि सहयोग गर्दछु भनेर ती महिलाले भनिन् ।

हुन पनि नेपालमा प्रत्येक वर्ष निरक्षर उन्मुलन गर्ने नारा घन्किरहेका छन् । तर साक्षरको सङ्ख्या उल्लेखनीय रूपमा बृद्धि हुन सकेको छैन ।

तलका प्रश्नको उत्तर दिन लगाउनुहोस् :

- मङ्गली तिन नम्बर कोठामा जान नसक्नुको प्रमुख कारण के थियो ?
- मङ्गली निरक्षर हुन भन्ने कुरा लेखकले कसरी थाहा पाए ?
- लेखकले मङ्गलीलाई कसरी सहयोग गरे ?
- कोठा नम्बर पहिल्याउन नसकेर मङ्गलीले भोगेको जस्तो पीडा कति प्रतिशत नेपालीले  भोगेका छन् होलान् ?
- यस किसिमका घटना तिमीले अन्त कतै देखेका छौ ? घटनालाई छोटकरीमा प्रस्तुत गर ।

DRAFT

**क्रियाकलाप ३**

घटना दश वर्ष पहिले चितबन रामनगरको हो । सविना पर्वत कुश्माबाट उपचारका लागि पहिलो पटक काठमाडौं जाने रात्रि बसमा चढिन् । बसमा चडेपछि दायाँ बाँया नजर लगाइन् । चिनेको मानिस कोही पनि थिएनन् । उनको छोरा काठमाडौंमा बी.ए. पढ्दै थिए । सविनालाई उनका छोराले भनेका थिए । पर्वत कुस्माबाट काठमाडौं जाने बस चड्नुहोस् । भोलिपल्ट विहान काठमाडौंको बसपार्कमा पुगिन्छ । बिहान बसपार्कमा लिन म आउँछु । पर्वत कुस्माबाट छुटेको रात्रीबस रामनगरमा खाना खान रोकियो । उनी पनि केही खाँउ भनेर बसबाट तल झरिन् र होटलमा पसिन् ।

खाना खाएर बाहिर निस्कँदा होटल अगाडि धेरै बसहरू पार्किङ् भएका थिए । सविनाले आफू आएको बस कुन थियो पहिचान गर्न सकिनन् । बस आउने र जाने भइरहेको थियो । उनलाई शङ्का भयो आफू आएको बस हिडिसक्यो अब केमा जाने ? यताउता दौडिएर बसको खोजीमा लागिन् । उनले बस चढ्न लागेका मानिसहरूलाई पनि सोधिन् । कुस्माबाट आएको बस कुन हो ? सबैले भनेछन् बस नम्बर भन्नुहोस् बसको टिकट हेर्नुहोस् । टिकट ब्यागमा थियो र ब्याग बसमा नै थियो ।

उनको दौडधुप देखेर एक जना भद्रपुरुषले सविनालाई सोधे तपाईं किन आत्तिएर दौडधुप गर्दै हुनुहुन्छ ? उनले आफ्नो सबै व्यथा बताइन् । उनी  निरक्षर भएकै कारणले यो दुःख पाएकी थिइन् । पुरुषले पर्वत कुस्माबाट सविना आएको बस भेटाइ काठमाडौं पठाइ दिए । भोलिपल्ट बिहान काठमाडौं बसपार्कमा पुग्दा सविनाका छोरा

आमालाई पर्खी रहेका थिए । सविना बसबाट ओर्लिएर छोरालाई अङ्कमाल गरिन् र रामनगरको सबै घटना सुनाइन् । छोराले भने, हो आमा नपढेका मानिसलाई देश विदशमा यात्रा गर्न ज्यादै कठिन हुन्छ ।

आमा, अब तपाईं पनि सानी बहिनीसँग घरमै पढ्नुहोस्, अङ्क अक्षर लेख्न सिक्नुहोस् । सही गर्न सक्ने हुनुहोस् । हुन्छ बाबु, अब घर गएपछि तिम्री सानी वहिनीसँग म पनि लेख्न पढ्न पक्कै सिक्छु । देश विदेशमा यात्रा गर्दा सङ्केत बोर्डमा लेखिएका अङक अक्षर पढ्न र बैङ्कलगायतका कार्यालयहरूमा काम गर्नु पर्दा  आफ्नो सही गर्न सक्ने हुन्छु । त्यति मात्र होइन छोरा, विभिन्न दैनिक पत्र पत्रिका र पुस्तक पनि पढन सक्ने हुन्छु ।

**तलका प्रश्नहरू सोध्नुहोस् :**

- सविना के कामले काठमाडौं जान खाजिन् ?
- उनले चितबनको रामनगरमा कस्तो समस्या भोग्नु पऱ्यो ?
- सविनाले घर फर्किएपछि के के गर्ने योजना बनाएकी छिन् ?
- सविनाले लेख्न पढ्न कोसँग सिक्ने अठोट गरिन् ?
- सविना जस्ता लेख्न पढन नजानेर पीडा भोगि रहेका नेपालीहरू कति होलान् ?

**क्रियाकलाप ४**

तलको घटनालाई वास्तविक घटना जस्तै गरी सुनाउनुहोस् ।

आइतबारको दिन थियो । म महाराजगञ्ज जानका लागि लगनखेलबाट साझा बस चढे । बसमा यात्रुहरू खचाखच थिए । बस गुडेर कुमारीपाटी पुगेपछि एक जना बुद्धसहित अरू चार पाँच जना मानिसहरू पनि चढे । बसका सहचालकले बृद्धलाई बुबा तपाईं अगाडि आउनुहोस् र जेष्ठ नागरिक सिटमा बस्नुहोस् भनेर हात समातेर सिटमा बसाए । बस गुड्दै जावलाखेल पुगेपछि दुई जना महिला र एक जना अशक्त व्यक्ति चढ्नुभयो । अशक्त व्यक्तिलाई अपाङ्ग सिट लेखिएको सिटमा राख्नुभयो । महिला सिटमा बसेका अन्य मानिसहरूलाई नम्रता पूर्वक उठाई ती महिलाहरूलाई बसाए । ती सहचालकको शिष्ट व्यवहार देखेर म मन मनै खुशी भए । यत्तिकैमा बस कुपन्डोल पुगिसकेको थियो । त्यहाँबाट केहि युवा, बच्चा बोकेका महिला  र बृद्ध मानिसहरू पनि चढे । तर बसमा एउटा पनि सिट खाली थिएन । म जुरुक्क उठेँ र बच्चा बोकेकी महिलालाई बस्नका लागि ठाउँ दिएँ । जेष्ठ नागरिक सिट खाली नभएकाले सहचालकले नम्र भाषामा अनुरोध गर्दै भने दाजुभाइहरूमध्ये कसैले बुबालाई एक सिट छोडिदिनुभए राम्रै हुन्थ्यो कि ! त्यत्तिकैमा एक जना तन्नेरी उठेर ती बृद्ध बालाई  सिट छोडिदिनुभयो । केही समयपछि बस महाराजगञ्ज पुग्यो । त्यहाँ बस चढ्न यात्रुहरू लाइन बसेका रहेछन् । जब बस रोकियो हामी सबै अगाडिको ढोकाबाट आर्लिऔं । बस चढ्ने यात्रुहरूलाई पछाडिको ढोकाबाट पालैपालो बस चढाए ।

अब निम्न प्रश्नहरू सोध्नुहोस् :

(क) सह चालकको व्यावहार कस्तो लाग्यो ?

(ख) तिमीले कतै यस्तो व्यावहार देखेका छौ ?

(ग) सामाजिक सिष्टाचारका व्यावहारहरू के के हुन सक्छन् ?

DRAFT

## ६. मूल्याङ्कन

- साक्षरता दिवस कुन महिनाको कति गते पर्दछ ?
- नेपालमा विद्यालय जाने अवसरबाट वञ्चित बालबालिका र निरक्षर प्रौढहरू कति छन् ?
- मङ्गलीले शिक्षण अस्पतालमा भोगेका जस्ता घटना अरू कसैले भोगेको सुनेका छौं ?
- सविनालाई रामनगरको घटनाले के शिक्षा दियो ?
- निरक्षर मानिसहरूले भोग्नुपर्ने कठिनाइहरू के के हुन्छन् ?

## ७. गृहकार्य

- शिक्षाआर्जन गरी देश विदेशमा ख्याति कमाएका विशिष्ट व्यक्तित्वहरूको फोटो र उनीहरूको जीवनी सङ्कलन गरी कक्षामा प्रस्तुत गर ।
- दैनिक पाक्षिक पत्र पत्रिकामा छापिएका विशिष्ट शिक्षा सम्बन्धी लेखहरू सङ्कलन गरी तिनका शीर्षकहरू टिपोट गर ।

DRAFT

पाठ दुई

# नैतिक अभ्यास

**१. उद्देश्य/सिकाइ उपलब्धि** अनुमानित घण्टी : ४

| पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य | पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा सिकाइ उपलब्धि |
|---|---|
| • नैतिक विकासमा सहयोग पुऱ्याउने अभ्यासहरू गर्न<br>• लोकतान्त्रिक आचरण प्रदर्शन गर्दै विविधताको सम्मान गर्न | • सामाजिक शिष्टाचार प्रदर्शन गर्न<br>• अभिवादनका लागि प्रयोग गरिने शब्दहरू आदानप्रदान गर्न<br>• प्रकृतिप्रति प्रेमभाव राखी संरक्षणमा सचेत रहन<br>• उपकारी व्यक्ति बनी असल व्यवहारप्रति कृतज्ञ हुन |

**२. पाठ परिचय**

मानिस सहयोग लिने र दिने प्राणी हो । उसले व्यक्ति र समाजबाट विभिन्न सहयोग लिएर जीवन अगाडि बढाइरहेको हुन्छ । यस्तो सहयोग र परोपकारप्रति मानिस कृतज्ञ हुनुपर्दछ । मानिसले प्रकृतिबाट पनि अनेकौँ लाभ लिइरहेको हुन्छ, प्रकृतिको सहयोगबिना मानिसको अस्तित्व सम्भव नभएकाले प्रकृतिप्रति कृतज्ञता देखाउनु मानिसको नैतिक कर्तव्य हो ।

**३. शैक्षणिक सामग्री**

पाठ्यपुस्तक, विभिन्न शिष्टाचार तथा अभिवादन गरिएका चित्रहरू, भिन्न भिन्न व्यक्ति, समुदायप्रति गरिने अभिवादनका शब्दपत्तीहरू, पृथ्वीको बनोट देखाउन नक्सा/ग्लोब, कृतज्ञता झल्कने वाक्यपत्तीहरू, लेख्य सामग्री, प्रकृतिका केही हिमाल, वनजङ्गल, तालतलैया, नदी, सूर्य, चन्द्र जस्ता प्रकृति झल्कने चार्टहरू

**४. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई टोल/समुदायमा मानिसहरूसँग भेट भएर बोल्न वा अभिवादन जनाउन के कस्ता शब्दहरू हुन्छन् भनी शब्द टिपोट गर्न लगाई बोर्डमा लेख्न लगाउनुहोस् र एकजना विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई समूहमा विभाजन गरी जन्मभूमिका लागि आफूले गर्ने मुख्य तिन-तिनवटा कामको सूची बनाई कक्षामा समूह नेतालाई प्रस्तुत गर्न लगाउनुहोस् ।

(ग) पाठ पढिसकेपछि विद्यार्थीहरूलाई आफ्नो घर परिवारका सदस्यहरूलाई गरिने अभिवादन सम्बन्धमा एउटा-एउटा चित्र तयार पारी प्रदर्शन गर्न लगाउने र उत्कृष्ट चित्रलाई विद्यार्थी समूहबाट मूल्याङ्कन गरी पुरस्कृत गर्न लगाउनुहोस् ।

DRAFT

(घ) मानिसलाई पृथ्वी र वनस्पतिले गरिरहेको सहयोगको सूची निर्माण गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

जस्तै- पृथ्वीले म ानिसका लागि अन्न उत्पादन गर्दछ ।

रोग लागेमा जडिबुटीले निको पार्छ ।

(ङ) नीति शिक्षा सम्बन्धी पूराना किताबहरूमा लेखिएका अभिवादन गर्दा हुने कुनै चार  ओटा लाभहरू बोर्डमा लेखी कुनै एक विद्यार्थीलाई भन्न लगाउने ।

(च) आफ्नो घर/परिवार/टोल/छरछिमेकमा गर्ने सहयोग र उनीहरूप्रति गरिने अभिवादनबारे विद्यार्थीलाई भन्न लगाउनुहोस् ।

(छ) शिष्टाचारबाट के के फाइदाहरू हुन्छन् ? बुँदागत रूपमा टिपोट गर्न लगाई कक्षामा छलफल गराउनुहोस् ।

(ज) विद्यार्थीलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई प्रकृतिका विभिन्न वस्तुहरूको (हिमाल, नदी, पहाड, जङ्गल, पृथ्वी आदि) शीर्षकमा कविता लेख्न लगाउनुहोस् ।

(झ) वनस्पतिबाट के के लाभ लिएका छौं भनी विद्यार्थीहरूलाई सोध्नुहोस् । उनीहरूले उत्तर भनिसकेपछि तिनको सुरक्षाका लागि गर्न सक्ने उपायबारे कक्षामा छलफल गराउनुहोस् ।

(ञ) विद्यार्थीको सङ्ख्या हेरेर समूह विभाजन गर्ने, समूहलाई हिमाल, पहाड, तराई र भित्री मधेश भनी नामाकरण गर्ने र उनीहरूलाई ती क्षेत्र वा ठाउँमा पाइने औषधीजन्य वनस्पतिका विशेष गुणहरू तथा उपयोग लेख्न लगाई समूह नेताबाट कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**५. मूल्याङ्कन**

(क) समूह क्रियाकलापका आधारमा विद्यार्थी  सहभागिता ,सिर्जनात्मकता, सहयोगका आधारमा मूल्याङ्कन गर्नुहोस्  ।

(ख) पाठमा दिएका क्रियाकलाप गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

DRAFT

पाठ : तिन

# सबैको सम्मान आफ्नै सम्मान

## १. उद्देश्य/सिकाइ उपलब्धि

अनुमानित घण्टी : ५

| पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य | पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा सिकाइ उपलब्धि |
|---|---|
| • आफ्नो समाजमा रहेका धार्मिक, सांस्कृतिक लगायतका विविधताको पहिचान र सम्मान गर्न | • लोकतान्त्रिक आचरण प्रदर्शन गर्न<br>• फरक मतलाई सम्मान गर्दै समूहमा काम गर्ने बानी बसाल्न<br>• सबै धर्म संस्कृतिप्रति आदरभाव देखाउँदै सहिष्णुता प्रदर्शन गर्न |

## २. पाठ परिचय

व्यक्तिगत, सामाजिक र राष्ट्रिय तहमा शान्ति, भाइचारा र विश्वबन्धुत्वको भावनाको अनुशरण गर्नु लोकतान्त्रिक आचरण हो । यस्तो अभ्यासलाई निरन्तरता दिएमा सम्मान पाइन्छ । सम्मानको सबैभन्दा ठुलो आधार र उपाय भनेको नै अरूको सम्मान हो भन्ने सन्देश यस पाठले दिएको छ ।

## ३. शैक्षणिक सामग्री

पाठ्यपुस्तक, सन्दर्भ सामग्री भौगोलिक, सांस्कृतिक, व्यवसायिक र धार्मिक विविधता झल्कने चित्रहरू, भिन्न भिन्न पहिरन लगाएर लिङ्ग, उमेर, समूहका मानिसहरू एक ठाउँमा बसिरहेको चित्र, हिमाल, पहाड र तराई झल्किने चित्रहरू, नेपालको नक्सा, लेख्य सामग्री आदि ।

DRAFT

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) पाठमा चार्टको रूपमा अरूको सम्मान गर्दा प्रयोग गर्नुपर्ने व्यवहार र क्रियाकलापको सूची दिइएको छ । त्यसलाई बोर्डमा लेख्नुहोस् र विद्यार्थीहरूलाई पनि कापीमा लेख्न लगाउनुहोस् र एकजना विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

(ख) कक्षामा सबै विद्यार्थीलाई निश्चित समय दिई पाठ वाचन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूले जीवनमा गर्न हुने र गर्न नहुने कामको सूची निर्माण गर्न लगाई समूह नेताबाट प्रस्तुत गर्न लगाउनुहोस् र सबै समूहका अत्यन्त राम्रो वाक्यहरूको टिपोट गर्नुहोस् र निष्कर्ष दिनुहोस् ।

जस्तै : सबैप्रति आदरभाव र सम्मानपूर्ण बोली व्यवहार देखाउने

अरूलाई सेवा र सहयोग गर्न तत्पर रहने

(घ) तलको कथा सुनाउनुहोस् :

सानुमाया कक्षा ७ मा पढ्ने अनुशासित र असल विद्यार्थी हुन् । एक दिन सानुमाया विद्यालयबाट घर फर्कंदै थिइन् । उनले बाटोमा एउटा दृष्टिविहीन महिलालाई देखिन् । उनी बाटो पार गर्न अलमलिरहेकी थिइन् । उनको हातमा एउटा लौरो पनि थियो । सानुमायालाई पनि सहरको त्यो भीडमा बाटो पार गर्न अप्ठ्यारो

परिरहेको थियो । उनी केही नसोची अगाडि बढिन् तर अनायास उनलाई आफ्नो गुरुआमाले नैतिक शिक्षामा पढाउनुभएको पाठ सबैलाई सहयोग गर्नाले आफूलाई आत्मसन्तुष्टि पनि मिल्छ र सम्मान पनि स्वतः प्राप्त हुन्छ त्यसैले हामीले जसलाई पनि आपत परेका बेला सहयोग गर्नुपर्छ भन्ने कुराको सम्झना आयो । त्यसपछि उनी फरक्क फर्किइन् र उक्त महिलाको नजिकै गइन् र सोधिन् दिदी तपाई पारि जाने हो ? ती महिलाले जबाफ दिइन् हो बहिनी म त १० मिनेट जतिभयो बाटो काट्न नसकेर अलमलिरहेकी छु । सानुमायाले उनको हात समातिन् र गफ गर्दै जाँदा संयोगवश सानुमाया र ती महिला बस्ने ठाउँ सहिदचोक नजिक रहेछ, दुवै जना सँगै गए । सानुमायाले सोधिन् - दिदी तपाई जन्मँदैमा दृष्टिविहीन हो कि पछि कुनै घटना .............बोल्दाबोल्दै सानुमाया टक्क अडिइन् ।

**उनले आफ्नो कथा यसरी बताइन :**

एघार वर्ष अगाडि म नौ वर्षको हुँदा मेरो बुबा पहिलो पल्ट कामको सिलसिलामा सल्यानबाट काठमाडौँ आउँदै गर्दा बाटोमा अचानक बस दुर्घटनाभयो । त्यस दुर्घटनामा आमा, बहिनी र म पनि सँगै थियौँ । बुबाको दाहिने खुट्टा भाँचियो, बहिनीको टाउकामा चोट लाग्यो तर आमालाई चाहिँ सामान्य चोटबाहेक केही भएन तर मलाई दुवै आँखामा रुखका हाँगाले घोचेको थियो । तुरुन्तै अस्पताल त गइयो तर आँखा त दुवै फुटेछ । कति गरे पनि उपचार नै हुन सकेन बहिनी । यसरी म सदाका लागि दृष्टिविहीन भएँ ।

ओ हो ! कस्तो विडम्बना धन्न कोहीलाई .............. सानुमाया बोल्दाबोल्दै टक्क अडिइन् । दुवै गफ गर्दै जाँदै थिए । बाटोमा सानुमायाले उनको साथी मुनालाई भेटिन् । यसरी दृष्टिविहीन महिलासँग हात समाउँदै गफ गर्दै आएको देखेर मुनाले सोधिन्- सानुमाया उहाँ को हुनुहुन्छ । सानुमायाले जबाफ दिइन्- मेरी दिदी । मुना छक्क पर्दै भनिन्- मैले त उहाँलाई पहिले त देखेकी छैन त ? त्यसपछि सानुमायाले सबै बेलीविस्तार लगाइन् र उनीहरू तिनै जना सँगै गए । ती महिलाको बस्ने घर आइपुग्यो । उनले भनिन्- बहिनी तिमी त साह्रै दयालु र सहयागी रहिछ्यौ । सहरमा यस्ता उपकारी व्यक्ति पाउन मुश्किल हुन्छ । यसैगरी सबै असहायको सहयोग गर्नाले तिमीलाई सम्मान तथा आत्मसन्तुष्टि मिल्नेछ र एकदिन यो देशको असल नागरिक बन्नेछौ भनेर सानुमायालाई फेरि भेट्ने वाचा गर्दै धन्यवाद दिइन् । साँच्चै सानुमायालाई पनि आज निकै खुसी लागेको छ । उनले मनमनै अशक्तहरूका लागि सहयोगी बनेर समाजसेवामा लाग्ने र भविष्यमा नर्स बनी देश र जनताको सेवा गर्ने प्रण गरिन् । भोलिपल्ट विद्यालयमा गएर मुनाले सबै कुरा गुरुआमा र साथीहरूलाई सुनाइन् र त्यो दिन कक्षामा सबैजनाले सानुमायाको उक्त कार्यको प्रशंसा गर्दै ताली बजाएर सम्मान गरे । उनी निकै खुशी भइन् । त्यस दिनदेखि उनलाई राम्ररी थाहाभयो अरूको सहयोग र सम्मानले आफूलाई पनि आत्मसन्तुष्टि र सम्मान मिल्दो रहेछ ।

विद्यार्थीहरूलाई निम्न प्रश्नहरू सोधी उत्तर लिनुहोस् ।

(१) सानुमाया को थिइन् र उनी कस्ती छात्रा हुन् ?

(२) सानुमायाले बाटोमा कसलाई भेटेकी थिइन्, उनको सोचाइमा एक्कासि परिवर्तन कसरी आयो ?

(३) सानुमायाले ती महिलालाई पुऱ्याएको सहयोगबारे तिम्रो धारणा के छ ? अर्थात् तिमी त्यहाँ भएको भए के गर्थ्यौ होला ?

(४) यस कथा पढिसकेपछि हामीले समाज र राष्ट्रका लागि के के गर्नुपर्ने रहेछ ? बुँदागत रूपमा टिपोट गर र कक्षामा प्रस्तुत गर ।

DRAFT

(ङ) आफ्नो समुदायको धार्मिक, सांस्कृतिक, लैङ्गिक, अपाङ्गता र वर्गीय विविधताको पहिचान गर्ने चित्र प्रर्दशन गरी विभिन्न छलफल गराउनुहोस् ।

(च) समूहमा काम गर्ने बानी बसाल्न, धार्मिक सहिष्णुता, स्थानीय प्रचलन र अभ्यासको खोजी गरी भूमिका अभिनय गर्न उत्प्रेरित गर्नुहोस् ।

## ५. मूल्याङ्कन विधि

(क) तिम्रो समाजमा के कस्ता धार्मिक र सांस्कृतिक मूल्य मान्यताहरू रहेका छन् ?

(ख) हामीले कसरी विविधताको पहिचान र सम्मान गर्न सक्छौ ?

(ग) एक्लै काम गर्दा र समूहमा मिलेर काम गर्दा के के फाइदा र बेफाइदाहरू हुन्छन् ?

(घ) कक्षाकोठाभित्र लोकतान्त्रिक आचरण प्रस्तुत गर्ने के के उपायहरू छन् ?

DRAFT

एकाइ : पाँच **अनुशासन तथा सकारात्मक चिन्तन**

**पाठ : १**

# म असल बन्छु

## १. उद्देश्य/सिकाइ उपलब्धि

अनुमानित घण्टी : ५

| पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य | पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा सिकाइ उपलब्धि |
|---|---|
| • अनुशासनसँग सम्बन्धित पक्षहरू अवगत गरी व्यवहारमा प्रयोग गर्न । | • सकारात्मक चिन्तनको विकास गरी खोजमूलक व्यवहार प्रदर्शन गर्न<br>• विनम्र भई बोल्न र शिष्ट मिहिनेती र मिलनसार हुने<br>• रचनात्मक कार्य गर्ने बानी बसाल्न<br>• सभ्य व्यवहार देखाई ज्ञान र व्यवहारमा सन्तुलन कायम राख्न |

## २. पाठ परिचय

मानिस अनेक कारणबाट चिन्तित हुन्छ । तीमध्ये अनुशासन तोड्ने काम गर्दा पनि मानिस निकै चिन्तित हुन्छ । सधैं अनुशासनमा बस्ने मानिसलाई चिन्ताले सताउँदैन । विनम्रता, सहनशीलता र धैर्य मानिसलाई अनुशासनमा राख्ने महत्वपूर्ण आधार हुन् । यस पाठमा असल सङ्गतले मानिस असल मार्गतिर अघि बढ्छ भने खराब सङ्गतले कुमार्गतिर लैजान्छ भन्ने कुरा सङ्केत गर्दछ । व्यक्तिको निर्णय क्षमता, जीवनका घटना र पुस्तकका ज्ञानबाट मानिस परिपक्व हुनुको साथै व्यवहारिक पनि हुनु आवश्यक छ भन्ने यस पाठको मुख्य सन्देश हो ।

## ३. शैक्षणिक सामग्री

अनुशासित व्यवहार प्रदर्शन गरिएको चित्र, पोस्टर, श्रव्य दृश्य सामग्री, अनुशासित जीवन पद्धति सम्बन्धमा तयार गरिएको सूची, चार्टपेपर, मेटाकार्ड, फलाटिन बोर्ड, अन्य शैक्षणिक सामग्री आदि ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

(क) सर्बप्रथम कक्षाका विद्यार्थीहरूलाई विभिन्न रङ्का मेटाकार्डमा अनुशासित जीवनसँग सम्बन्धित एक-एक ओटा विषय क्षेत्र लेख्न लगाउनुहोस् । उनीहरूले प्रस्तुत गरेका बुँदाका आधारमा थप छलफल गराई यसको क्षेत्रबारे स्पष्ट पारिदिनुहोस् । साथै यसको निष्कर्षका आधारमा पाठको उद्देश्य र अपेक्षित व्यवहारका बारेमा पनि बताइदिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी आफ्नो कक्षाभित्र र बाहिर पालना गर्नुपर्ने नियमहरू लेख्न लगाउनुहोस् । कक्षामा समूह नेताबाट प्रस्तुत गर्न लगाई सबै समूहको साझा कक्षा नियमहरूलाई चार्टपेपरमा लेख्न लगाई कक्षामा देखिने गरी टाँस गर्नुहोस् र प्रत्येक दिन पालना गर्ने गरी सबैलाई सूचित गराउनुहोस् ।

DRAFT

(ग) असल बन्न असल भावनाको सुरुवात हुनुपर्छ भन्ने कुरामा कक्षामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गराउनुहोस् । विद्यार्थी स्वयम्लाई सो अन्तरक्रियाको मूल्याङ्कन गर्न लगाई अरूलाई सहयोग गर्न उत्प्रेरित पनि गर्नुहोस् ।

(घ) कक्षामा धेरै चल्ने र बोल्ने विद्यार्थीहरूलाई शान्त र एकाग्र राख्न केही समय मौन बस्ने अभ्यास गराउनुहोस् ।सही ठाउँमा आफ्ना जिज्ञासा राख्नुपर्छ भनी सचेत गराउनुहोस् । चञ्चल मनले सही कार्य गर्न अप्ठ्यारो हुने शान्त भएर कुनै काम गरे सफल हुने कुराको पनि उदाहरणसहित प्रस्तुत गराइदिनुहोस् ।

(ङ) पाठ पढिसकेपछि आफ्नो समुदाय र छरछिमेकमा केकस्ता मानिसहरू बसोबास गर्दै आउनुभएको छ टिपोट गर्न लगाई उनीहरूको पेसा र उनीहरूले गर्ने कामहरूको चार्ट निर्माण गर्न लगाउनुहोस् ।

(च) विद्यार्थीहरूलाई आत्म मूल्याङ्कनअन्तर्गत असल कामको परिणाम पनि असल नै हुन्छ भन्ने सन्दर्भमा एक समाचार तयार गर्न लगाउनुहोस् ।

(छ) विद्यार्थी जीवनमा अनुशासनको महत्व शीर्षकमा कक्षामा वक्तृत्व कला प्रतियोगिता सञ्चालन गराउनुहोस् र उत्कृष्ट धारणा राख्नेलाई पुरस्कृत गर्नुहोस् ।

(ज) विद्यालयमा असल कामको बारेमा विद्यार्थीले पालना गर्नुपर्ने र गर्न नहुने नियमहरू दिइएको ढाँचामा तयार गर्न लगाउनुहोस् ।

| पालना गर्नुपर्ने नियमहरू | सुधार गर्नुपर्ने नियमहरू |
|---|---|
| (क) | (क) |
| (ख) | (ख) |
| (ग) | (ग) |

DRAFT

## ५. मूल्याङ्कन विधि

**तलका प्रश्नहरू सोधी मूल्याङ्न गर्नुहोस् :**

(क) आफ्नो कक्षाभित्र र कक्षाबाहिर पालना गर्नुपर्ने नियमहरू के के हुन्, लेख ।

(ख) असल मान्छे बन्न कस्ता काम गर्नुपर्छ ?

(ग) कुनै पनि काममा सफल हुने उपायहरू के के हुन् ?

(घ) आफ्नो समुदाय र छरछिमेकमा केकस्ता मानिसहरू बसोबास गर्दै आएका छन् ? उनीहरूको पेसा र उनीहरूले गर्ने कामहरूका बारेमा प्रष्ट पार्नुहोस् ।

(ङ) विद्यार्थीले पालना गर्नुपर्ने र गर्न नहुने नियमहरू के के हुन् ?

**थप सुझाव**

माथिका क्रियाकलाप जस्तै स्थानीय परिवेश, अनुकूल वातावरण, विद्यार्थीको रुचि र चाहनाअनुसार थप क्रियाकलाप सञ्चालन गर्न सकिने छ ।

पाठ : २

# अनुशासनका फाइदा

**१. उद्देश्य/सिकाइ उपलब्धि** अनुमानित घण्टी : ५

| पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य | पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा सिकाइ उपलब्धि |
|---|---|
| • अनुशासनसँग सम्बन्धित पक्षहरू अवगत गरी व्यहारमा प्रयोग गर्न<br>• अनुशासनबाट हुने फाइदा बताउन । | • अनुशासनका फाइदा व्यहारमा उतार्न<br>• अनुशासित भई मानसिक र बौद्धिक विकासमा तत्पर रहन<br>• आत्मसम्मानका साथ जीवन यापन गर्न<br>• अनुशासनसँग सम्बन्धित पक्षको सूची निर्माण गर्न |

**२. पाठ परिचय**

अनुशासन विद्यार्थीको गहना हो । यो बहुमुखी व्यक्तित्व विकासको आधार पनि हो । यसले आत्मविश्वास बढाउने काम गर्न प्रेरित गर्दछ । अनुशासनको पालनाबाट आत्मसन्तुष्टि बढ्नुको साथै मानसिक तथा बौद्धिक विकास पनि हुन्छ । अनुशासित व्यक्तिबाट समाजमा मेल, एकता र सद्भाव बढाई विकास गर्न सहयोग पुग्छ । अनुशासन परिवार, समाज र देशका लागि आवश्यक छ । अनुशासित व्यक्तित्व सबैको लागि कदरयोग्य बन्न पुग्छ भन्ने कुरा पाठले सन्देश दिएको छ ।

**३. शैक्षणिक सामग्री**

अनुशासित व्यवहार प्रदर्शन गरिएको (लाइनमा बसेर हिँडेका, बालक्लबको गठन गरी बैठक सञ्चालन गरेका, पालो पर्खेर खेल खेलेका आदि चित्रहरू), पोस्टर, श्रव्यदृश्य सामग्री वा अन्य सामग्री, अनुशासित जीवनसँग सम्बद्ध पक्षहरूको सूची, चार्टपेपर, मेटाकार्ड, फलाटिन बोर्ड, अन्य आवश्यक शैक्षणिक सामग्री प्रयोग गर्न सकिने छ ।

**४. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) सर्बप्रथम सबै विद्यार्थीहरूलाई मेटाकार्डमा अनुशासित हुनुका एक एकओटा फाइदा लेख्न लगाउनुहोस् । उनीहरूले प्रस्तुत गरेका बुँदाका आधारमा थप छलफल गराई थप स्पष्ट पारिदिनुहोस् । साथै छलफलका क्रममा पाठको उद्देश्य र अपेक्षित व्यवहारका बारेमा पनि बताइदिनुहोस् ।

(ख) कक्षाकोठामा गरिने विविध काम सम्पन्न गर्दा पालना गर्नुपर्ने नियम र समयको चार्टपेपरमा सूची बनाई फलाटिन पाटीमा टाँस्नुहोस् । त्यसपछि विद्यार्थीहरूको समूह निर्माण गरी काम गर्न लगाउनुहोस् । काम गर्दा विद्यार्थीले सही व्यवहार प्रदर्शन गरे नगरेको हेरी आवश्यकताअनुसार सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ग) कक्षाका विद्यार्थीहरूलाई ५/५ जनाको समूह बनाई अनुशासनसँग सम्बन्धित शीर्षक राखेर कविता लेख्न लगाउनुहोस् र वाचन गर्न लगाई विद्यार्थी समूहबाटै मूल्याङ्कन गर्न लगाउनुहोस् । पहिलो, दोस्रो, तेस्रो र सान्त्वनासमेत छुट्याउन लगाई पुरस्कृत गर्नुहोस् ।

DRAFT

(घ) कक्षा ७ का सम्पूर्ण विद्यार्थीहरूलाई एकै ठाउँमा राखी विद्यार्थी जीवनमा अनुशासनको महत्व शीर्षकमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गराउनुहोस् । अन्तर्क्रियाको निष्कर्ष कक्षामा प्रष्ट पार्न लगाउनुहोस् र अनुशासनबाट सबैलाई पुग्ने फाइदा प्रष्ट पारिदिनुहोस् । यहाँ अन्य शिक्षकहरूलाई पनि सहभागी गराउँदा राम्रो हुन्छ ।

(ङ) तलको कथा विद्यार्थीलाई पढ्न लगाएर यसबाट के के शिक्षा प्राप्त गऱ्यौ भनी प्रश्नावली तयार पारी छलफल गराउनुहोस् ।

प्रशान्त र सुशान्त दुवै कक्षा ७ मा अध्ययन गर्दछन् । उनीहरू कक्षामा निकै मिल्ने साथी हुन् । उनीहरू जहाँ जाँदा पनि सँगै जान्छन् । प्रशान्त केही शान्त स्वभावको थियो भने सुशान्त छिट्टै रिसाइ हाल्ने स्वभावको थियो । एक दिनको कुरा हो ती दुवै जना विद्यालय बिदा भएको दिन स्वयम्भू घुम्न जाँदै थिए । बाटोमा थुप्रै रमाइला ठाउँहरू अवलोकन गर्दै गए तर उनीहरू बाटो भुलेर अन्तै पुगेछन् । त्यसपछि दुवै जना डराए, आत्तिए पनि । तैपनि प्रशान्त शान्त स्वभाव भएका कारण उसले भनेछ- नडराऊ साथी म ऊ त्यो किताब पसलमा सोधेर आउँछु भनी ऊ गयो । त्यतिबेला सुशान्त चाहिँ बाटोमा गोडाले ढुङ्गाको टुक्रालाई हान्दै खेलिरहेको थियो । अचानक ढुङ्गो उछिट्टिएर बाटो हिँड्दै गरेको बटुवालाई लागे छ ।

ती बटुवा रिसले आगो भए, चुरिदै सुशान्त भएतिर आएर गाली गरे । सुरुमा त सुशान्तलाई डर लाग्यो पिटौँलाझैँ गरी लम्की र झम्की गरे । सुशान्त पनि के कम म पनि खेल्दै थिएँ लाग्यो त के गरौँ ? जानेको गर्नुस् । ल पिट्नुस् । शब्दावली प्रयोग गरी रिसाउँदै थिए । दुवैको भनाभनभयो । त्यति बेलै प्रशान्त आइपुग्यो र सोध्यो केभयो हँ ? बटुवातिर हेर्दै तपाई को हुनुहुन्छ ? यसले के गल्ती गऱ्यो कृपया नरिसाई भन्नुस् न ? बटुवाले बोल्न नपाउँदै सुशान्तले रिसले रातोपिरो हुँदै रुन थाल्यो, मलाई जथाभावी गाली गर्ने मैले जानी जानी गरेको हुँ र ? बाटोमा खेल्दा सानो ढुङ्गा उछिट्टिएर लाग्यो त के भयो ? तपाईंको शरीरमा रगत त आएको छैन नि, ऊ सुँक्क सुँक्क रुन थाल्यो । प्रशान्तले उसलाई सान्त्वना दिँदै भन्यो- तिमी एकछिन चुप लाग, उ त्यो रुखमुनि गएर बस म उहाँसँग कुरा गर्छु है । अनि प्रशान्तले बटुवासँग दुवै हात जोडी माफी माग्यो । कहिलेकाहीँ गल्ती हुन्छ । हामी तपाईंका छोराहरू जस्तै हौँ । उसले जानीजानी यस्तो गरेको होइन ऊ अलि छिटो रिसाउने स्वभाको छ तर सम्झाएमा छिट्टै सम्झिन्छ । यसो भनेर प्रशान्तले सुशान्तलाई बोलायो र बटुवासँग माफी माग भन्यो । उसले सम्झाउँदै हेर उहाँ हाम्रो बासरहको मान्छे, हामीले आदर सम्मान गर्नुपर्छ गल्ती भएमा माफी माग्नुपर्छ । हाम्रो गुरुआमाले हामीले ठुलासँग आदरभाव र सम्मानपूर्ण व्यवहार र सानालाई माया गर्नुपर्छ भनी पढाउनुभएको र अनुशासनको पाठमा सबै कुरा भन्नुभएको होइन । सुशान्तले ध्यानपूर्वक प्रशान्तको कुरा सुनिरह्यो र पछि ती बटुवासँग दुवै हात जोडी माफी माग्यो । उसले भन्यो -मैले हजुरको मन दुखाएँ, मेरो गल्तीलाई हजुरको छोरा सम्झेर माफ गरिदिनुहोस्, अब आइन्दा यस्तो गल्ती कहिल्यै देखाउने छैन भन्यो र ती बटुवाको मन पनि एकैछिनमा पग्लियो । उसलाई पनि आफूले गल्ती गरेको महसुस भन्यो, मैले पनि सानोलाई माया र सम्मान गर्नुपर्छ भन्ने बिर्सेंछु, तिमीहरू ज्ञानी रहेछौ, छिट्टै कुरा बुझ्ने र बुझाउने क्षमता रहेछ । यसरी हामी आवेशमा आएर आफ्नो अनुशासन र मर्यादा भङ्ग गर्नुहुँदैन है त बाबु हो । तिम्रो साथी प्रशान्तले मेरो पनि आँखा खोलिदियो । धन्यवाद छ है बाबु हो, दुवैको टाउकामा हात राखी ती बटुवा आफ्नो बाटो लागे । प्रशान्त र सुशान्त पनि हाँस्दै रमाउँदै घुमेर घर फर्किए ।

**प्रश्नहरू**

(१) माथिको कथाबाट के पाठ सिक्यौ ?

(२) रिसाउँदा र अनुशासन नसम्झँदा परिणाम केभयो ?

(३) तिमीले पनि यस्तो कसैलाई दु:ख दिने काम गरेका छौ ?

(४) अनुशासित व्यक्तिलाई सबैले किन मन पराउँछन् ? पाँच ओटा कारणहरू लेख ।

## ५. मूल्याङ्कन विधि

(क) अनुशासनको के महत्व छ ?

(ख) अनुशाशनका फाइदाहरू के के हुन् ?

(ग) एक दिनको आफ्नो दैनिकी तयार गर ।

(घ) आफ्नो कक्षाकोठामा पालना गर्नुपर्ने नियमहरू बनाऊ ।

(ङ) अनुशासनबाट परिवार र समाजमा के के फाइदा हुन्छ ?

(च) तिम्रो समुदायमा भएका असल व्यक्तिहरूको सूची तयार गर ।

(छ) कोही मान्छे सफल र कोही मान्छे असफल हुनाका कारणहरू के के हुन सक्छन् ?

**थप सुझाव**

(क) अनुशासन र यसबाट हुने फाइदाहरूका विभिन्न समसामयिक घटना तथा व्यवहारहरूलाई क्रियाकलापको रूपमा समावेश गरी विद्यार्थीबिच छलफल गराउनुहोस् ।

(ख) कक्षामा अनुशासन, असल बानी व्यवहार र खराब बानी व्यवहार सम्बन्धी रोचक नाटक प्रस्तुत गर्न लगाइ त्यसमा शिक्षकले सहजकर्ता बनी सहयोग गर्नुहोस् ।

DRAFT

पाठ : ३

## कामअनुसारको फल

**१. उद्देश्य/सिकाइ उपलब्धि** अनुमानित घण्टी : ६

| पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य | पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा सिकाइ उपलब्धि |
|---|---|
| • असल कार्यको फल असल हुन्छ भन्ने बुझी व्यवहारमा उतार्ने अभ्यास गर्ने । | • असल कर्मबारे बताउन<br>• आफ्नो जिम्मेवारी बोध गरी व्यवहारमा उतार्न<br>• अरूलाई पनि सकारात्मक सोचका साथ काम गर्न उत्प्रेरित गर्न<br>• कामअनुसारको फल बताउन |

**२. पाठ परिचय**

असल कामको परिणाम असल नै हुन्छ । हामीले जहिले पनि सकारात्मक सोच राखी असल व्यवहार गर्नुपर्छ । यसले हामीलाई जिम्मेवार, लगनशील र जबाफदेही बनाउँछ । हरेक व्यक्ति आफ्नो कामप्रति जिम्मेवार बन्नुपर्दछ । राम्रो व्यवहारबाट सबैको प्यारो र उदाहरणीय भइन्छ । मानिसको सोचाइमा परिवर्तन भएपछि व्यवहार पनि बदलिन्छ । समाजमा रहेका अरू व्यक्तिलाई पनि सकारात्मक सोच राख्न र जिम्मेवार बन्न प्रोत्साहन दिनुपर्छ । यसले हरेक व्यक्तिको उन्नति र प्रगति हुन्छ ।

**३. शैक्षणिक सामग्री**

असल व्यवहार झल्कने वाक्य सूची, चित्र, पोस्टर, मेटाकार्ड, चार्टपेपर अन्य शैक्षणिक सामग्री

**४. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) असल व्यवहार र खराब व्यवहारमा के भिन्नता छ भन्ने जस्ता प्रश्नका बारेमा छलफल गराउनुहोस् र बोर्डमा चार्ट बनाई विद्यार्थीले भनेका कुरा टिपोट गर्दै जानुहोस् । असल व्यवहारले मानिसको उन्नति र प्रगति हुँदै जाने र खराब व्यवहारले समाजबाट ऊ एक्लिँदै जाने उदाहरण प्रस्तुत गर्दै विद्यार्थीहरूलाई स्पष्ट पारिदिनुहोस् ।

(ख) जस्तो काम गऱ्यो उस्तै परिणाम हुन्छ वा कामअनुसारको फल शीर्षकमा सबै विद्यार्थीहरूलाई एक काल्पनिक कथा बनाउन लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ग) कक्षाका विद्यार्थीहरूलाई पाँच/पाँच जनाको समूह बनाई निम्न कार्यहरू गर्न दिनुहोस् र आफू सहजीकरण गर्दै प्रत्येक समूहमा जानुहोस् ।

(१) कामअनुसारको परिणाम हुन्छ भन्ने कथनलाई मिल्ने गरी कुनै न कुनै क्षेत्रमा सफल भएका व्यक्तित्वहरू खोजी (चित्रसहित) उनले गरेका कार्यहरूको सूची निर्माण गर्न लगाइ प्रदर्शन पनि गर्न लगाउनुहोस् ।

DRAFT

(घ) प्रत्येक विद्यार्थीलाई आफ्ना परिवारमा जिम्मेवारी लिए नलिएको कुरामा प्रश्न निर्माण गरी अभिभावकसँग अन्तवार्ता लिन लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस्

**५ मूल्याङ्कन**

(क) निम्न लिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

(अ) निम्नअनुसारका विषय पुष्टि हुने दुई दुई ओटा उदाहरण भन ।

- असल कामको असल परिणाम
- खराब कामको खराब परिणाम

(आ) तिम्रो कक्षाकोठामा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न शिक्षक र विद्यार्थीले के कस्ता असल व्यवहार देखाउनुपर्छ ? साथीहरूसँग छलफल गरी सूची बनाउनुहोस्

(इ) तिम्रो सोच र व्यवहारले आदर्श सोच र व्यवहारलाई अनुशरण गर्छ कि गर्दैन आत्ममन्थन गरी बताउनुहोस् ।

(ख) पाठमा दिइएको कथाका आधारमा आफूले पनि एउटा कथा तयार पारी कक्षामा प्रस्तुत गर्ने र शिक्षकले मूल्याङ्कन गरी कथाले भन्न खोजेको कुरा वा आसय प्रष्ट पारिदिनुहोस् ।

(ग) तिमीले देखेका सुनेका कुनै घटना जसबाट कामअनुसारको परिणाम प्राप्त भएको छ भने साथीहरूबिच एक आपसमा सुनाउन लगाउनुहोस् ।

DRAFT